# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल पूर्व-मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरु बसोबास गर्दछन् । यिनीहरुको आफ्नै मूलय मान्यता र सनातन धर्म तथा मातृभाषाहरु छन् । यिनीहरु मध्ये तामाङ जातिको मुख्य थलो पूर्वमा सुनकोसी र लिखु खोलको ईलाका, दक्षिणमा महातारतको पर्वतसम्म, पश्चिममा बुढी गण्डकी र त्रिसुली नदी बीचको गणेश हिमालको दक्षिणी भागका साथै तराईका केहि भागहरुमा रहेको पाईन्छ । छिट फुट रुपमा नेपालको पहाडी तथा भित्री मधेशमा पर्ने केही जिल्लाहरुका पनि तामाङहरुको बस्ती भेटिन्छ ।यसरी नेपालका विभिन्न ठाउँहरुमा छरिएर रहेका तामाङहरुका आर्थिक तथा शैक्षिक अवस्था भने अन्य जातिको तुलनामा कमजोर रहेको पाइन्छ ( तामाङ्ग,२०७०) ।

तामाङको खास वासस्थान काठमाण्डौं वरिपरि नै रहेको देखिन्छ । यधपि तामाङ जाति काठमाण्डौंदेखि दार्जिलिङ्गसम्म छरिएर रहेको पाइन्छ ।गुरुङहरुसँग यिनिहरु मिसिएर बसेका छन् । सँगसँगै बसोबास गरेका गरेका हुनाले तामाङ र गुरुङको रहनसहन पनि मिल्दोजुल्दो पाइन्छ । गुरुङहरुको मध्ये पनि घले गुरुङहरुसँग बढी मिलेका पाइन्छ । एक आपसमा मिलेर रेहता पनि उनीहरुको संस्कृति भने छुटाछुटै पाइन्छ । तामाङहरु गोर्खातिर बसेका हुनाले गुरुङ्ग कुरा राम्ररी बोलदछन् । तामाङ्ग र गुरुङलाई मिसाएर एक ठाउँमा राखेमा एक अर्कालाई छुट्टाउन गाह्रो पर्दछ । १९४३ मा भएको गोरखाकै सर्वेक्षणमा तामाङ्गहरुको घनाबस्ती  गोरखा, लमजुङ्गको, गोरखाकै उत्तरी भागमा बढी घनत्वको साथ बसती पाइयो । यसका साथै गोरखाको लमजुङ्ग उत्तर दाङ्गगडीमा र गोरखाको कालि गण्डकीको आरुघाटमा घना बसती पाइयो । गोरखा र लमजुङ्ग उत्तर लमजुङ्गमा र गोरखाको कालि गण्डीको आरुघाटमा घना बस्ती पाइयो  । गोरखा र लमजुङ्ग पनि सानो बस्ती बनाएकर बसेका छन् । भने अरु ठाउँमा पनि छरिएर रहेका छन्  (मोरिसको, १९४७) ।

तामाङ्ग जाति मङ्गोल मूलक मानिन्छन् । काठमाण्डौं उपत्यकामा चीनबाट आफ्ना शिष्यहरुका साथ आएका मञ्जुश्रीले चोभार डाँडा काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती बसाएको कुरा नेपालका विभिन्न इतिहासहरुमा उल्लेख गरेका पाइन्छ । यो कथनलाई एशियाका पुरातत्वविद डा.एनातोलि थाकावलेभ शेन्टेन्कोले २०३४ सालमा बुढानिलकण्ठको पूर्व दक्षिणतिरको धोवी खोलामा पुरातात्विक अवशेषहरुको खोजी गर्दा ईसा पूर्व ३० हजार बर्ष भन्दा अगाडीका मङ्गोलियन नमूनाका ढुङ्गे हतियारहरु फेला पारेको तथ्यले आफ्नो उपत्यकामा मङ्गोल मूलका तामाङहरुको उद्गम सथानको बारेमा यकिन साथ भन्न नसकिएता पनि तामाङ्ग जाति मङ्गोल मूलका चिनियाँ भोट,बर्मेली भाषा परिवारका सदस्य हुन् भन्ने कुरामा सबै सहमत छन् (तामाङ्ग, २०५५) ।

वि.सं.२०१८ सालतिर नै झण्डै पाँच लाख बीस हजार जनसंख्या रहेका तामाङ्ग जाति नेपालको प्रमुख जनजाति मध्ये एक रहेको छ । तमाङ्ग जाति काठमाण्डौं उपत्यका र यसको छेउछाउमा छरिएर रहेको पाइन्छ । यस जातिको सातवटा जिल्लामा जिल्लागत बाहुल्यता रहेको छ जुन एउटा हिमाली, चारवटा पहाडी र दुई वटा भित्री मधेश क्षेत्रमा पर्दछन् । जस अर्न्तगत रसुवा, धादिङ्ग, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुली जिल्लामा तामाङको जनसंख्या बढी रहेको छ (तथ्याङ्क विभाग, २०५८) ।

नेपालमा तामाङहरुको कुल जनसंख्या १५,३९,८३० रहेको छ । (जनगणना, २०६८) जस मध्ये ६०% गरिबीको रेखामुनि रहेको पाइन्छ भने शिक्षित तामाङ्गको जनसंख्या ३४% मात्र रहेको पाइन्छ (चाइल्ड स्पेश फाउण्डेशन नेपाल, २०७०) ।

यिनीहरुको जिविकोपार्जनको लागि मुख्य पेशा कृषि नै अपनाएको पाइएता पनि थोर बहुत तामाङ्ग जाति बन्द व्यापार, सेना तथा प्रहरी, शिक्षण , वैदेशिक रोजगार आदिमा पनि सङ्लग्न रहेको पाइन्छ । यधपि उल्लेखित पेशाको विशिष्ट पदहरुमा उनीहरुको एकदमै न्यून उपस्थिति रहेको पाइन्छ । यस पछाडिको मूल कारण उनीहरुको शैक्षिक योग्यता र रज्यका महत्वपूर्ण पदहरुमा उचित पहुँचको अभाव नै रहेको देखिन्छ । ( लामा, २०५९) को सर्वेक्षण अनुसरा प्राविधिक , सरकारी , निजामती सेवा तथा गैर सरकारी क्षेत्रमा तामाङ, जातिको उपस्थिति निम्न संख्यामा पाइन्छ । जसअनुसार राजनितिक क्षेत्रमा १२ जना साहित्य क्षेत्र तर्फ १० जना र खेलकुद क्षेत्रमा २० जना ।

यसै गरि न्याय तथा कानुन क्षेत्रमा ५ जना , पाइलट ३ जना, प्रशासन तर्फ १४, चिकित्सक ७ जना, इन्जिनियर १५ जना, चलचित्र सङ्गीत तथा मनोरञ्जन क्षेत्रमा ३० जना , चार्टर एकाउन्टेन्ट मा ४ जना उधमी क्षेत्रमा २६ जना र सगरमाथा आरोहीहरु १४ जना छन् । माथिको तथ्याङ्कले पनि यो कुरा पुष्टि गर्दछ कि तामाङ्ग जातिहरुको राज्यका महत्वपूर्ण पदहरुमा सच्चिकै न्यून उपस्थिति छ ।

यसै सन्दर्भमा उदयपुर जिल्लाकटानरी न.पा. पनि शैक्षिक तथा आर्थिक हिसाबले अति नै पछाडि परेको एक तामाङ्ग जातिको बाहुल्यता रहेको ठाउँ हो ।यस शोध पत्रको मूख्य उद्देश्य कटारी न.पा.का उल्लेखति उक्त अवस्था सिर्जना हुनाको पछाडि रहेका कारणहरु पत्ता लगाउनका साथै आर्थिक पछौटेपनाले शैक्षिक उन्नति र प्रगतिलाई कसरी प्रभार्व पार्न सक्दछ्न भन्ने कुराको विश्लेषण गर्नु हो । उक्त उद्देश्य परिपूर्तिको लागि मैले उदयपुर जिल्ला कटारी न.पा. को वर्डा नं. ३,४ र ११का तामाङ्ग जातिहरुलाई लिएको छ ।

## १.२ समस्याको कथन

नेपालमा जनसंखयाको ठूलो हिस्सा ग्रमीण क्षेत्रमा बसोबास गर्छन भने ती मध्ये पनि तमाङ जातिहर बढी मात्रामा यस इलाकामा बसोबास गरिउको पाइन्छ । उनीहरुको समाजिक, आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । फलस्वरुप शैक्षिक अवस्था पनि कमजोर रहेको पाउछौ । यस्ता सामाजिक रुपले पिछडिएका र आर्थिक रुपले विपन्न जनजाति भएकोले नीति अनुसार गाउँगाउँमा र टोलटोलमा विदालयहरु स्थापना गरिएका छन् । तथापि यसरी विद्यालयको संख्या बढे पनि अन्य जातिहरुको तुल्नामा तामाङ्ग जातिको बालबालिकाहरुको विद्यालयमा सहभागी दर न्यून रहेको छ । अर्को तर्फ सामाजिक एवं जातिगत परम्पराको असर पनि शिक्षामा रहेको पाइन्छ । जसले गर्दा शिक्षा प्राप्ति समस्याको रुपमा देखिएको छ अर्थात अन्य जाति (ब्राम्हण,क्षेत्री) को शिक्षामा विशेष पहुँच रहेको पाइन्छ तर पिछडिएको तामाङ्ग भने अझै पनि शिक्षमा यथेष्ट पहुँच रहेको पाइदैन । यिनै समस्याहरुलाई ध्यानमा राखेर यस अध्ययनमा उदयपुर जिल्ला कटारी न.पा. वडा नं ३,४ र ११का तामाङ्गहरुको आर्थिक पक्षहरु र ती पक्षहरुको शैक्षिक अवस्थामा पुऱ्याएका असरहरुका बारे अनुसन्धान गरिएको छ । अध्ययनको सिलसिलामा निम्न प्रश्नका उत्तरहरु खोज्ने गरिएको छ ।

मानवीय आवश्यकता मध्येको एक प्रमुख आवश्यकताको रूपमा मानिने शिक्षा सर्वसुलभ बनाउन नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । "सबैको लागि शिक्षा" कार्यक्रमको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिको लागि समेत समावेशी शिक्षाको कार्यक्रमहरू लागू भैरहेका छन् । साथै तहको शिक्षा सबै वर्ग जाति, लिङ्ग र समुदायमा पुऱ्याउन खोजिएको छ । शिक्षा सम्बन्धी ल्याइएको विविध कार्यक्रम लागू गरिएता पनि तहमा तामाङ्ग बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको छ । कटारी नगरपाकिला वार्ड नं. ३,४ र ११ का तामाङ्गहरुको शैक्षिक अवस्था कस्तो कस्तो छ ? अभिभावकको चेतना कसतो छ ? तामाङ्ग बालबालिकाको शैक्षिक उपलब्धि न्यून हुनुमा के-कस्ता तत्वले प्रभाव पारेका छन् ?, तमाङ्गको मुख्य पेशा के हो ? शैक्षिक उपलब्धि कम हुनुमा उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरू के-कति जिम्मेवार छन् ? भन्ने समस्याहरूलाई आधार मानी यस अध्ययनको मुख्य समस्याको कथनको रूपमा तमाङ्ग बालबालिकाहरूको शैक्षिक अवस्थालाई लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र तामाङ्ग जातिसँग प्रत्यक्ष वा परोक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम कार्यान्वयन र निर्णय गर्नका लागि समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । यस अनुसन्धानबाट प्राप्त सूचनाको आधारमा :

अनुसन्धानकर्ता तथा सरोकारवालालाई उपयोगी स्रोत सामग्रीको रूपमा रहनछ । पाठ्यक्रम निर्माताहरूलाई समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्न मद्दत पुऱ्याउछ । शिक्षाका नीतिनिर्माता तथा योजनाकारहरूलाई शैक्षिक नीति तथा योजना निर्माण गर्न सहयोग पुऱ्याउछ । शैक्षिक लगानीकर्ताहरूलाई शिक्षामा लगानी गर्न आधार प्रदान गर्नेछ । जनजाति उत्थानमा लागेका व्यक्तिहरू विद्यार्थी, वुद्धिजीविहरूलाई योजना, नीतिनिर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउछ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न उद्देश्यहरू राखिएको छ :

१) तहमा अध्ययनरत तामाङ्ग बालबालिकाको शैक्षिकअवस्था पत्ता लगाउनु ।

२) तामाङ्गबालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउनु ।

३) तामाङ्ग बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय खोजिगर्नु ।

### १.५ अनुसन्धान प्रश्न

उद्देश्यहरूयस अध्ययनको प्राप्तिको लागि निम्न अनुसन्धाना लिखित प्रश्नलाई आधार लिइएको छ ।

(क) तामाङ्गको शैक्षिक अवस्था कस्तो छ ?

(ख) तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था के-कस्ता छन् ?

(ग) तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कुन-कुन पक्षले प्रभाव पार्दछ ?

(घ) तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्वहरू के-कस्ता होलान् ?

(ङ) तामाङ्ग बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्न के-कस्ता उपाय छन् ?

### १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको निश्चित सीमा रहन्छ । यस अध्ययनमा पनि अनुसन्धान कर्ताको सीमीत स्रोत, साधन र अर्थाभावका कारण निम्नानुसार परिसिमित गरियो ।

तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने र शैक्षिक उपलब्धि बृद्धिगर्ने उपायहरूको खोजी गर्ने कुरामा जोड दिइएको छ । विद्यालयमा अध्ययनरत तामाङ्ग विद्यार्थी, शिक्षक, अभिभावकहरूमा यो अध्ययनलाई सिमित गरियो । यो अध्ययन तहमा अध्ययनरत तामाङ्ग विद्यार्थीमा सिमित छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्यायमा विभिन्न आदिवासी जनजातिहरु मध्ये तामाङ्ग जाति सम्बन्धि प्राप्त लेख, रचना, पुस्तक, तथा सम्बन्धित अनुसन्धानहरुलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

नेगी (२०४०) का अनुसार तामाङ्ग जातिको उत्पत्तिको सन्दर्भमा विद्धानहरुले आ-आफ्नो तरिकाले तर्क दिएका छन् । तापनि आजसम्म कहाँबाट कसरी भएको हो भन्ने किटान गर्न सकेका छैन् । तामाङहरुको उत्पत्ति सम्बन्धि बुझ्नको लागि नेपाल एकिकरण अगाडिको इतिहासलाई पल्टाउन जरुरी पर्दछ । त्यति बेलाका नेपाल र आजको नेपालमा आकाश जमिनको फरक भएको हुनाले नेपाल एकिरण पूर्व विभिन्न ठाउँमा ओत लागेका मागरत, किरााात, खसान, जड्यान, आदि प्रदेशहरुमा रहेका इतिहासबाट पुष्टयाइ लिन सकिन्छ । स्थान विशेष कारणले गर्दाए लिम्बु, खम्बु तामाङ्ग, किराँत, खस र जाड आदि स्थानीय जनताहरुलाई कहलाने थाले । खास गरेर जाड शब्दको प्रयोग तामाङ जातिलाई गरिउको पाइन्छ । यसबाट तामाङहरुको आदि थलो जडडा्यान प्रदेश रहेछ भन्ने प्रमाणित हुन्छ ।

शर्मा (२०४९) का अनुसार आज भन्दा करिब एक हजार वर्ष पहिले तिब्बतमा गडङमर्म नाम गरेको एउटा बुद्ध धर्मका विरोधी राजा थिए । यी राजाले बुद्ध धर्मका अनुयायीहरुलाई दमन गर्दथे । यस समयमा बौद्ध गुम्बाहरुमा आगो लगाइयो र लामा अनुयायीहरुलाई गृहस्थ बन्न बाध्य गराइयो । तिमात्र नभएर बुद्ध भगवानको मूर्तिहरु पनि नष्ट गरियो । यस्ता अवसथामा बौद्ध भिक्षुहरु भागेर अन्यत्र गएर आफ्नो रक्षा गर्न सफल भए । यी राजाले दमन गरिरहेको समयमा एक जना दपलग्नी दोर्जे नाम गरेको भिक्षुले भेष बदलेर नाटकीय ढंगबाट राजाको हत्या गरिदिए । त्यसपछि । आफनो सहयोगीहरुका साथ घोडामा चढेर तिब्बतबाट दक्षिणतर्फ लागेल । त्यो समय

बौद्ध धर्म विरोधीहरुले दपदलम्नी दोर्जे भिक्षु र उनका सहयोगीहरुलाई आजको नुवाकोट जिल्लाको उत्तरी भागसम्म लेखेट्दै आएका थिए । यसरी लखेटिएका भिक्षुहरु नै आजका रसुवा र नुकोटतिर आएर बसोबास गर्न थाले । पछिल्लो कालमा यिनै व्यक्तिहरुलाई सन्तति काठमाडौं उपत्यकाको आसपासमा र सिन्धुपाल्चोक तथा धादिङ्ग तथा अन्य जिल्लाका विभिन्न ठाउँमा छिटफुट रुपमा फैलिए ।

तामाङ्ग ( २०५९) का अनुसार होफरले धादिङ्ग जिल्लाको तामाहरुको अवौद्ध विधिविधानको अध्ययन गर्नु भए अनुसार तामाङहरुको पूखौंली थलो तिब्बतको केरुङ्ग भन्ने ठाँउ तिब्बत र नेपालको सिमानामा पर्दछ । मध्यकालमा भन्दा पहिले नेपाल र भोट युद्धमा चीन, मोटर र नेपाल आइपुग्ने हो । होफरको अध्ययन क्षेत्रमा अठारौं शताब्दीको प्रथम दशबतिर तामाङ्गहरु नेपाल आइपुग्ने थिए । यस समयमा नेवारहरुको उपत्यकाबाट धपाएपनि तामाङहरु नेपाल र तिब्बतको सिमाना क्षेत्रमा बसोबास गरेका थिए भन्ने कुराको संकेत हुन्छ ।

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि अध्ययन विषय वा सो सँग मिल्दाजुल्दा विषयहरूमा हालसम्म भए गरेका कार्यहरू, सम्बन्धित व्यक्तिका लेख, रचना, सोधकार्य, कार्यपत्र आदि प्रकाशित तथा अप्रकाशित कृतिहरूको पुनरावलोकन गर्नु जरुरी हुन्छ । यसबाट अध्ययन कार्यमा हालसम्म भएका प्रयासहरूबारे तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउन र निष्कर्षमा पुग्न सहयोग पुग्दछ । यहाँ नेपालको सन्दर्भमा र अध्ययन गर्ने विषयका प्रकृतिसँग मिल्ने खालका हालसम्म भएका विभिन्न प्रयासहरूबारे चर्चा गरिएकोछ ।

शर्मा एण्ड शर्मा (२०७०) का अनुसार प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ । सामाजिक विभेदिकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आफ्ना विचार वा चिन्तनहरू

प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमा समाज सञ्चालनका लागि यस प्रकारका चिन्तनहरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् । ग्रिसेली प्रसिद्ध विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

शर्मा (२०७०) का अनुसार मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा लेखिएको छ : प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइने छ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने अधिकार आमाबाबुलाई हुनेछ ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०७०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गर्‍यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि सार्‍यो ।

ढकाल, (२०७०) ले घरपरिवारको गरिबी, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, माथिल्लो जातिबाट हुने हेलाले गर्दा कुमाल बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागि गराउन उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने, आदि उपाय प्रस्तुत गरेका छन् ।

भट्टराई (२०७०) ले गरेको अध्ययनमा अभिभावकहरू कृषि पेशामा संम्लग्न भएकाले घरयासी कामकाजमा छोराछोरी संम्लग्न हुनुपर्ने, आवश्यक कापी कलम किन्न नसक्ने, सानै उमेरमा विवाह, भाषिक कठिनाई आदि कारणले विद्यालयमा तामाङ्गबालबालिकाहरूको सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनले विद्यालयमा तामाङ्गजातिका बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गराउन विद्यालयले छात्रवृत्ति, पोशाक, खाजाको सुविधा जस्ता प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, समुदायमा पनि शैक्षिक जागरण फैलाउनुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने उपाय प्रस्तुत गरेका छन् ।

शिक्षा विभाग (२०७०) का अनुसार प्राथमिक विद्यालयमा बालबालिकाको सहभागिता बढाउन र उनीहरूलाई टिकाइराख्न विद्यालयको वातावरणले बालबालिकालाई आकर्षण गर्नसक्नु पर्दछ । कक्षाकोठा रुचिपूर्ण हुनु, शिक्षकले उनीहरूप्रति गर्ने व्यवहार मैत्रीपूर्ण हुनु, बालमैत्री विद्यालय बनाइ उनीहरूको विद्यालयप्रति सकारात्मक भावना जगाउन सक्नु जस्ता कार्यले बालबालिकाको विद्यालय सहभागिता बढाउन सक्दछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको लागि (सन् १९४८) कार्ल मार्क्सको वर्ग संघर्षको सिद्धान्तलाई इमाइल दुर्खाइम (सन्, १८५७) को सामाजिक वर्ग र शिक्षा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

मार्क्सको धारणामा सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको रूपमा परिवर्तन ल्याउने आधार वर्ग सघर्ष हो । वर्गसंघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परश्पर विरोधी वर्गहरूका बीचमा आफ्नो-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमिक वर्ग र पुँजीपति, सामन्ती वा शोषक वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा र उत्पादनका साधनहरूको स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधैँ सामाजिक द्वन्द्व हुने गर्छ । पुँजीपति वर्गले सधैँ श्रमको शोषण गर्ने र वस्तुको अतिरिक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्र उपभोग गर्ने गर्दछन् । यसले गर्दा श्रमजीवी वर्ग प्रभावित हुन्छ । यस प्रभावले श्रमिक वर्गमा चेतना विकास, संगठनको विकास हुँदै वर्गीय संघर्ष चर्कन्छ । यस प्रकार उत्पन्न भएको दुई वर्गबीचको संघर्ष क्रान्तिकारी र रक्तपातपूर्ण बन्न जान्छ । यसबाट सामाजिक सम्बन्ध, व्यवहार, उत्पादन प्रणाली तथा उत्पादनका साधनहरूमाथिको स्वामित्वमा परिवर्तन हुँदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ अर्थात् जब उत्पादनको तरीका, मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाई र उपएकाईहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ यो नै संघर्षको सिद्धान्तअनुसारको परिवर्तन हो (शर्मा, २०७० द्वारा उदृत) ।

समाजमा व्याप्त गरिबी, असन्तुलित अवस्था, बेरोजगार, कम उत्पादन, पुँजीको एकीकरण, शोषण आदिका कारण वर्गहरूको आपसी स्वार्थ पूरा गर्न संगठित र एकताबद्ध रूपको गुणात्मक पक्षमा वृद्धि हुन्छ । संसारमा पुँजीपति वर्ग न्यून हुन्छन् र सर्वहारा वर्गको संख्यात्मक गुणात्मक वृद्धि हुन्छ । यसले रक्तपातपूर्ण स्थिति पैदा गर्दछ र समाजवाद हुँदै साम्यवादमा फड्को मार्दछ । साम्यवाद भनेको वर्गविहिन अन्तर्राष्ट्रियवादको निर्माण हो । यस अवस्थामा समाजका सामाजिक प्रचलन मान्यता

व्यवहार, सम्बन्ध तथा सिङ्गो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुन्छ (पूर्ववत्) ।

दुर्खाइमको धारणामा शिक्षा एक सामाजिक वस्तु हो शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुऱ्याउँछ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । उनको विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए (आचार्य, २०७० द्वारा उदृत) ।

दुर्खाइमकाअनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको ब्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् । उनकाअनुसार एउटा समाजमा जति धेरै सामाजिक स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा

पनि परिवर्तन  भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिन र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्येवद्धता खोजेका विद्यालयबाटै जातिय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दबदबा र धनको दबदबा स्वीकार्ने संस्कार ब्यूँताइदिन्छ दुर्खाइमको  यस सिद्धान्तलाई मनन गर्दा नेपालमा खस भाषा र हिन्दू संस्कृतिको दबदबाले आफ्नो छुट्टै भाषा र संस्कृति भएको तामाङ्गविद्यार्थीहरूको सिकाइ उपलब्धीमा बाधा पर्न गएको छ । यसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर भन्ने अवधारणा सही रूपमा लागू हुन सकेको छैन ।

माथि उल्लेखित मार्क्स को दृष्टिकोण र  दुर्खाइम को दृष्टिकोणले प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक उपलब्धिमा वातावरणको प्रभाव अध्ययन गर्न मद्दत पुऱ्याउने हुनाले यो अध्ययनलाई तिनीहरूकै सोंचसँग गाँसिएको छ ।

## २.३ साहित्य पुनरावलोकनको उपादेयता

अध्ययनलाई निश्चित सिद्धान्तमा रहेर अगाडी बढ्न सहयोग पुऱ्याएको छ । अध्ययनलाई उद्देश्यमुखी बनाई विषयन्तर हुनबाट जोगाउने काम गरेको छ । शोधलाई निश्चित विषयवस्तुमा रहेर निश्चित संरचना तयार गर्न मद्धत पुऱ्याएको छ ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूजस्तै विद्यालयका गतिविधिहरू, पारिवारिक अवस्थाहरू, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तत्वहरूले प्रभाव पारेको हुन्छ । बालबालिकाको सर्वाङ्गिण विकास गराउनको लागि विभिन्न तत्वहरूसँग सामन्जस्य गराई शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्न सकेमा निश्चित रूपले आशा अनुरूपको सिकाइ उपलब्धि प्राप्त हुन्छ । उक्त शैक्षिक तथा सैद्धान्तिक खाकाबाट शोधकर्तालाई सहयोग प्राप्त हुन पुगेको छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

कुनै पनि विषयका वारेमा अध्ययन अनुसन्धान गर्नु पर्दा निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ । अनुसन्धान विधिले अनुसन्धान कार्यलाई निश्चित दिशावोध गराउनुका साथै निष्कर्षमा पुग्न पद्दत गर्दछ । अनुसन्धानका प्रकार अनुसार तथयाङ्क संकलन विधिमा यस साधन फरक फरक रहेका छन । गुणात्मक वा परिमाणात्मक कस्ता अनुन्सनधान गर्नुपर्ने हो सो अनुरुपको अनुसन्धान विधिको प्रयोग गर्नुपर्छ । प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्थाशीर्षकमागरिएको यस अनुसन्धान कार्यलाई यसको प्रकिती अनुसार गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धात्मक ढाँचा

सामान्यतया अध्ययनवाट प्राप्त तथ्याङ्कलाई गणितीय तथ्याङ्क शास्त्रीहरु विशलेषणका विधिद्वारा निष्कर्षमा पुगने अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ । त्यसैगरी अवस्था, घटना प्रकृिया तथा समस्याको अध्ययनवाट प्राप्त तथ्याङ्कलाई वर्णनात्मक तथा विश्लेषणात्मक तरिकाले गरिन्छ भने त्यो गुणात्मक अनुसन्धान हो(खनाल,२०६७) ।

यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नको लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा कुनै अवस्था घटना र समस्याको व्याख्यात्मक रुपमा अध्ययन गरी सूचना र तथ्याङ्कको संकलन गरिएको छ । यस अध्ययनलाई प्रभावकारी वनाउनको लागी वर्णात्मक र विशलेषणात्मक पद्वतिको अवलम्वन गरिएको छ । वर्णात्मक पद्वति अन्तर्गत उत्तरदातासँग विस्तृत विवरण लिने प्रयास गरिएको छ । वस्तुस्थितीलाई गहिरिएर अवलोकन तथा अन्तरक्रियाको

माध्यमवाट वुझने प्रयास गरिएको छ । यसरी प्राप्त भएको तथ्याङ्कलाई गुणात्मक एवम वर्णनात्मक ढंगले विशलेषण गरिएको छ । अध्ययनको कममा अध्यापन कर्ता द्वारा छनोटमा परेका विद्यालयहरुमा गइ अध्ययनको उद्देश्य अनुसार आफूलाई आवश्यक पर्ने अभिलेखहरु छ । जस्तै विद्यार्थी उपस्थिती पुस्तिका, परीक्षा अभिलेख दण्ड र पुरस्कार वितरण सम्वन्धि अभिलेख आदिको अध्ययन गरी द्वितीय तथ्याङ्क संकलन गरिएको छ ।

### ३.२ जनसंख्या र नमुना छनोट

यस अध्ययनमा प्राथमिक तथा द्वतिय दुवै तथ्याङ्कको प्रयोग गरिएको तएता पनि प्राथमिक तथ्याङ्कलाई मुख्य आधार बनाइनेछ । प्राथमिक तथ्याङ्क अन्तर्गत अनुसन्धानकर्ता स्वयं आफै अध्ययन क्षेत्रमा गई विभिन्न तथ्याङ्क संकलन गर्ने क्रममा स्थलगत सर्वेक्षण गरि नमुना छनौटमा परेका घरमुली विद्यालयका प्र.अ. र विद्यार्थीसँग अन्तरवार्ता लिई मिश्रीत प्रश्नावलीहरु अनुसार तथ्याङ्क संकलन गरिनेछ । त्यसरी नै द्वितीय स्रोतका लागि गाउँ विकास समिति कार्यालय शिक्षा मन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग, जिल्ला विकास समिति, अन्य, सरकारी तथा गैर सरकारी संस्थाबाट प्रकाशित अप्रकासित पुस्तक, लेख, रचना पत्रपत्रिका आदिबाट सुचना एवं तथ्यांङ्कहरु लिइएको छ । विद्यालय तथा विद्यार्थीका व्यवहारहरू तथा क्रियाकलापहरू जानकारी प्राप्त गर्न सरोकारवालाहरू मध्येबाट विद्यालय क्षेत्र नजिकका अभिभावकहरू मध्येबाट ८ जना अभिभावकहरूलाई उद्देश्यात्मक नमुना छनौट विधिको आधारमा छनौट गरियो । साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू ४ जना र विद्यालयको गतिविधी तथा शैक्षिक स्तर समेतको जानकारी प्राप्त गर्न स्रोतकेन्द्रका स्रोतव्यक्ति समेतलाई अध्ययनमा समावेश गरिएको छ । अध्ययनको जनसंख्या र नमूना छनोट यसप्रकार रहेको छ :

**तालिका १ : जनसंख्या तथा नमुना छनौट विवरण**

| विवरण | जनसंख्या | नमूना छनौट | नमूना छनौट विधि |
|---|---|---|---|
| विद्यालय | ४ | ४ | गोलाप्रथा |
| प्र.अ. | ६ | ४ | उद्देश्यमूलक |
| वि.व्य.स. अध्यक्ष | ६ | ४ | उद्देश्यमूलक |
| स्रोतव्यक्ति | १ | १ | उद्देश्यमूलक |
| विद्यार्थी | ४९८ | (तामाङ्ग२०, गैर तामाङ्ग२०) | गोलाप्रथा |
| शिक्षक | १५ | ४ | गोलाप्रथा |
| अभिभावक | २०० | ८ | गोलाप्रथा |

(स्रोत : स्थलगत अध्ययन, २०७०)

## ३.३ तथ्याङ्कको स्रोत

अध्ययन कार्य पुरा गर्न तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक स्रोतहरू दुवै प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा विद्यालय, प्र.अ., शिक्षक, स्रोतव्यक्ति, स्थलगत सर्वेक्षण, अन्तरवार्ता, प्रश्नावली आदिबाट तथ्याङ्क लिइयो ।

### ३.३.२ द्वितिय स्रोत

द्वितीय स्रोतका रूपमा सम्बन्धित विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अभिलेख रहेका छन् ।

## ३.४ तथ्याङ्क संकलनका साधन

### ३.४.१ विद्यार्थी अभिलेख फारम

विद्यालयमा अध्ययन गर्ने तामाङ्गर गैर तामाङ्गविद्यार्थीहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ भनी तथ्याङ्क संकलन गर्नको लागि प्रयोग गरियो । प्राथमिक विद्यालयमा अध्ययन गर्ने तामाङ्गविद्यार्थीको संख्या, लिङ्ग, उनीहरूको उपस्थिति जस्ता तथ्याङ्क संकलन गर्न यस फारमको निर्माण गरिएको छ ।

### ३.४.२ रुजुसूची

विद्यार्थीका शैक्षिक अवस्था पत्ता लगाउन विद्यालयमा हुने गरेको शैक्षिक क्रियाकलापका साथै अन्य क्रियाकलापमा तामाङ्गविद्यार्थीहरूको शैक्षिक व्यवहारको अवलोकन गर्न प्रयोग गरियो तथा कृयाकलापहरूको अवलोकन गरी सूचना संकलन गर्नका लागि प्रयोग गरिएको छ ।

### ३.४.३ अन्तर्वार्ता, प्रश्नावली

तामाङ्गविद्यार्थीका शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउन र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय पहिल्याउन शिक्षक, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति, प्र.अ. लाई अर्न्तवार्ता र प्रश्नावली गरियो । तामाङ्गतथा गैर तामाङ्गविद्यार्थी बीचको तुलनात्मक अध्ययनका लागि छानिएको जनसंख्यालाई प्रश्नावली वितरण गरी जानकारी प्राप्त गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रिया

तथ्याङ्क संकलनका लागि छनौटमा परेका विद्यालय, प्र.अ., वि.व्य.स., शिक्षक, अभिभावक, विद्यार्थीसँग अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गइ तथ्याङ्क संकलनको लागि बनाइएका साधनहरू प्रयोग गरी अन्तर्वार्ता प्रश्नावली भर्ने, अवलोकन गर्ने, रूजु सूची भर्ने, अभिलेख फारम भरी आवश्यक तथ्याङ्क संकलन गरियो । प्राप्त तथ्याङ्कहरूलाई अध्ययनकर्ताले गरेको अध्ययनहरूका साथै विविध लेखरचनालाई एकत्रित गरी अर्थ्याइएको छ ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

अनुसनधानका लागि प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न अध्ययनलाई निम्नानुसार शीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ उदयपुर जिल्लाको संक्षिप्त परिचय

नेपाल अधिराज्यको पूर्वाञ्चाल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अंचलको करिब मध्ये भागमा अवसिथत पूर्व पश्चिम पूर्व पश्चिम लम्बिएको चौडाई पश्चिममा फुकेको र पूर्वीभागमा साँघुरिएको पहाड र भित्री मधेर मिलेर बनेको एक मात्र जिल्ला उदयपुर जिल्ला हो । सथरमाथा अंचलमा पर्ने जिल्लाहरु मध्ये उदयपुर जिल्ला महाभारत श्रृंखला देखि चुरे पर्वतमाला सम्मको भु-भाग समेटने मधेर वा दुन प्रदेशको रुपमा परिचित छ । यस जिल्लामा ४३ वटा गाउँ विकास समिति र ३ नगरपालिका रहेको छ । विगतकालमा भित्री मधेशको जिल्लाहरुलाई गढी भनेर अहिले पनि जनविब्रोमा छ । सौ यस जिल्लाको नाम उदयपुर नै किन रहन गयो भन्ने सम्बन्धमा खासै उपयुक्त प्रमाणहरु नभेटिएता पनि उहिले उदय नाम गरेका राजले राज्य गर्दथे र उनकै पनि उदय राजा घोडामा चढेर हरेक वर्ष दशैमा एक दिन उदयपुर गढीमा आउने गर्छन भन्ने उदयपुर गढीका मानिसहरु विश्वस गर्छन । तर इतिहासलाई केलाएर हेर्दा राजा उदयको कहि कतै पनि चर्चा गरिचर्चा गरिएको पाइदैन । ( झा.२०५९) ।

### ४.१.१ अध्ययन क्षेत्रको परिचय

विश्व मानचित्रमा २८$^{\circ}$३९ देखि १७$^{\circ}$११ उत्तरी अक्षशसम्म र ८६$^{\circ}$ ९ देखि ८७$^{\circ}$१० पूर्वी देशान्तरका बीचमा अवस्थित यस जिल्लाको क्षेत्रफल २०७०३ वगए किलोमिटर छ । विक्रम सम्वत्  २००९ सालमा यस जिल्लाको क्षेत्रफल ९७७ वर्ग माइल र २०२८ सालमा २२७२ वर्ग किलोमिटर वर्ग किलोमिटर थियो । यो जिल्लाको औसत लम्बाइ ९० कि.मी र चौडाइ ३५ कि.मी छ भने समुन्द्र सतह देखि

उचाई २२४५ मीटर छ। यो जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको ७.२४ प्रतिशत र नेपाल अधिराज्यको १.४ % भू-भागको प्रतिनिधित्व गरेको छ। यस जिल्लामा तिनवटा संसदीय निर्विाचन क्षेत्र ११ वटा जिल्ला विकास समिति इलाका ४४ वटा गाँउ विकास समितिर्ि र एउटा नगरपालिका छन्। स्मरणीय छ, २००९ सालमा यस जिल्लामा १३ वटा थुम/प्रगन्न थिए भने २०२८ सालमा ४३ गाँउ पञ्चालय भए। त्रियुगा नदीको किनारमा अवस्थित जस जिल्लाको सदरमुकाम गाईघाट बोक्सेमा छ। त्रियुगा दनीको किनारामा बसोबास गर्ने रैथानेहरुले आ-आफनो गाईवस्तुको चरण क्षेत्रलाई घाट भन्ने गर्दथे। त्यहि गाईको घाटबाट गाईघाट बनेको भन्ने भनाई छ। गाईघाट उदयपुर जिल्लाको सदरमुकाम पनि हो। (झा. २०५९)

## ४.२ तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था

यस अध्ययनका लागि संकलित तथ्याङ्कलाई तामाङ्ग र गैरतामाङ्ग बारेमा छुट्याई तुलना गरी तामाङ्ग बालकालिकाहरूको शैक्षिक अवस्थालाई व्याख्या र विश्लेषण गरिएको छ।

### ४.२.१ तामाङ्ग विद्यार्थीको भर्नास्थिति

कटारी न.पा.मा  रहेका ६ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा ४ वटा विद्यालयहरूलाई अध्ययनका लागि छनौट गरिएको छ। यहाँ छनौट गरिएका सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०७० को विवरण प्रस्तुत गरिएको छ।

**तालिका २ : भर्ना भएका विद्यार्थी विवरण**

| क्र.सं. | विद्यालयको नाम | तामाङ्ग विद्यार्थी | | | गैरतामाङ्ग विद्यार्थी | | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १. | श्री.पंचावती मा.वि. खसिवास | ३५ | ३३ | ६८ | ४९ | ५७ | १०६ | १७४ |
| २. | श्री शिवशक्ति प्रा.वि तिनतले | ३९ | ४१ | ८० | २३ | २५ | ४८ | १२८ |
| ३. | श्री ज.उ.मा.वि गुरांसे | २६ | २९ | ५५ | २४ | २१ | ४५ | १०० |
| ४. | श्री प्रा.वि.मजुवा | २७ | २८ | ५५ | १७ | २४ | ४१ | ९६ |
| जम्मा | | १२७ | १३१ | २५८ | ११३ | १२७ | २४० | ४९८ |
| प्रतिशत | | २५.५ | २६.३ | २२.६९ | २२.६९ | २५. | ४८.१९ | १०० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

यस प्रकार प्रस्तुत तथ्याङ्कले के देखाउँछ भने कटारी न.पा.मा गैरतामाङ्गको तुलनामा तामाङ्ग विद्यार्थीको संख्या बढी छ। अर्कोतर्फ छात्रको तुलनामा छात्राको संख्या न्यून रहेको देखिन्छ। केहीतामाङ्गहरू अर्थिक रूपमा कमजोर रहेका छन्। उनीहरू भोको पेट र नाङ्गो आङ लिएर विद्यालय जान सक्दैनन्। केहीतामाङ्गहरूमा छोरीलाई पढाउनु पर्दछ भन्ने चेतना पनि कमी छ । यसरी मार्क्सका अनुसार आर्थिक कारण र दुर्खाइमका अनुसार चेतनाको कारण विद्यालयहरूमा छात्रको तुलनामा छात्राहरूको संख्या कमी रहेको छ।

### ४.२.२ प्राथमिक उमेर समूहका तामाङ्ग बालबालिकाहरू

शिक्षा नियमावली २०४९ को आठौँ संशोधन २०६३ ले नेपालमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको उमेर ५-९ वर्षलाई भनेको छ। अध्ययन कार्यको सिलसिलामा सेवा क्षेत्र भित्र रहेका छनौटमा परेका विद्यालय क्षेत्र भित्रका ५ देखि ९ वर्षका जम्मा तामाङ्ग बालबालिका संख्या, त्यसमध्ये विद्यालय जाने नजाने बालबालिकाको संख्या ५ देखि ९ वर्ष माथिका तर विद्यालयमा अध्ययन गर्ने तामाङ्ग बालबालिकाको संख्या तल प्रस्तुत गरिएको छ।

**तालिका ३ : प्राथमिक विद्यालय उमेरका तामाङ्गबालबालिकाको स्थिति**

| विवरण | बालबालिकाहरू | | |
|---|---|---|---|
| | बालक | बालिका | जम्मा |
| ५ देखि ९ वर्ष उमेरका जम्मा | १२४ | १६५ | २८९ (१००) |
| ५ देखि ९ वर्षका विद्यालय नजाने | १५ | २७ | ४२ (१४.५) |
| ५ देखि ९ वर्षका विद्यालय जाने | १०९ | १३८ | २४७ (४१.९) |
| ९ वर्ष माथीका विद्यालय जाने | ५ | ६ | ११ (१.८७) |

(स्रोत : स्थलगत सर्वेक्षण २०७०)

तामाङ्ग समुदायमा अहिलेसम्म पनि छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा व्यापक असमानता रहेको छ। उनीहरू छोरासरह छोरीलाई पढाउनु पर्दछ भन्ने मान्यता अझै पनि राख्दैनन। त्यसैले दुर्खाइमले भनेजस्तै अभिभावकहरूमा रहेको चेतनाको कारण विद्यालयहरूमा छात्राहरूको संख्या कमी रहेको देखिन्छ। छोराछोरीको भेदभाव हटाउनको निम्ति चेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

### ४.२.३ प्राथमिक विद्यालयमा तामाङ्ग विद्यार्थीको उत्तिर्ण स्थिति

प्राथमिक विद्यालयमा भर्ना भएका तामाङ्ग र गैरतामाङ्ग विद्यार्थीहरू सबै उत्तीर्ण हुँदैनन् । केही विद्यार्थीहरूले मात्र कक्षा चढ्ने गरेका छन् । यो समस्या जहाँ पनि हुने गर्दछ । तर अहिले आएर निरन्तर मूल्याङ्कन प्रणालीद्वारा उदार कक्षोन्नति नीति अपनाएको पाइन्छ । यसले विद्यार्थीको उत्तिर्ण दर केही उच्च देखिएको छ ।

यस अगाडी अध्ययन सिमामा तोकिए बमोजिमका विद्यालयहरूको २०६८ देखि २०७० सालसम्मको तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीहरूको उत्तिर्ण अवस्था बारेमा प्राप्त तथ्याङ्कको आधारमा व्याख्या, विश्लेषण गरिएको छ ।

**तालिका ४ : २०६८ सालमाउत्तिर्ण विद्यार्थी संख्या र प्रतिशत**

| कक्षा | विवरण | तामाङ्ग वि.सं. | उत्तीर्ण | | गैरतामाङ्ग वि.सं. | उत्तीर्ण | |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| १ | छात्र | ३९ | २७ | ६९.२३ | २४ | २२ | ९१.९६ |
| | छात्रा | ४० | २० | ५० | २१ | १९ | ९०.४८ |
| | जम्मा | ७९ | ४७ | ५९.५ | ४५ | ४१ | ९१.११ |
| २ | छात्र | २७ | २० | ७४.०४ | १७ | १४ | ८२.३५ |
| | छात्रा | २४ | २१ | ८७.५ | ९ | ७ | ७७.७८ |
| | जम्मा | ५१ | ४१ | ८०.४ | २६ | २१ | ८४.६२ |
| ३ | छात्र | १७ | १२ | ७०.५९ | १३ | १२ | ८२.३५ |
| | छात्रा | २३ | १८ | ७८.२६ | १७ | १३ | ८३.३३ |
| | जम्मा | ४० | ३० | ७५ | ३० | २५ | ८९.४७ |
| ४ | छात्र | २३ | २० | ८६.९५ | १९ | १५ | ८० |
| | छात्रा | २६ | २१ | ८०.७७ | १० | १० | ८६.२१ |
| | जम्मा | ४९ | ४१ | ८३.६७ | २९ | २५ | ९२.३१ |
| ५ | छात्र | २७ | २४ | ८८.८९ | १३ | ११ | ९३.७५ |
| | छात्रा | २१ | १७ | ८०.९५ | १६ | १६ | ९३.१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ४८ | ४१ | ७७.४४ | २९ | २७ | ८६.०५ |
| जम्मा | छात्र | १३४ | १०३ | ७६.९ | ८५ | ७४ | ८७.१ |
| | छात्रा | १३३ | ९७ | ७२.९ | ७४ | ६५ | ८७.८४ |
| | जम्मा | २६७ | २०० | ७४.९१ | १५९ | १३९ | ८७.४२ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६८)

प्रस्तुत तालिकामा २०६८ सालको अध्ययन क्षेत्रका ४ वटा विद्यालयको कक्षा चढ्ने तामाङ्ग र गैरतामाङ्ग विद्यार्थी संख्या र प्रतिशत हेर्दा कक्षा १ देखि ५ सम्म जम्मा तामाङ्ग विद्यार्थी संख्या २६७ मध्ये २०० जना (७४.९१%) उत्तीर्ण देखिन्छन् । जसमा छात्रा भन्दा छात्र उत्तीर्ण प्रतिशत बढी देखिन्छ । त्यस्तै कक्षा १ को तुलनामा २ मा उत्तीर्ण कम तथा ३ को तुलनामा ४ र ५ मा उत्तीर्ण प्रतिशत बढी देखिन्छ ।

गैरतामाङ्ग अभिभावहरू चेतनाको दृष्टिकोणले तामाङ्ग अभिभावकहरूभन्दा आफ्ना बच्चाहरूको पढाइप्रति विशेष ध्यान दिने गरेको देखिन्छ । जसको प्रत्यक्ष असर उनीहरूका बालबालिकामा परेको पाइन्छ । यसप्रकार दुर्खाइमले भनेझैं चेतनाको कारण तामाङ्ग र गैरतामाङ्गको तुलना गर्दा सबै कक्षामा तामाङ्ग विद्यार्थीको तुलनामा गैरतामाङ्ग विद्यार्थीको उत्तीर्णदर बढी देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा कक्षा १ को तुलनामा कक्षा २ को उत्तीर्ण प्रतिशत कम छ । कक्षा ३ मा कक्षा २ को तुलनामा बढी छ । कक्षा ४ मा ३ को तुलनामा बढि देखिन्छ भने कक्षा ५ को उत्तीर्ण प्रतिशत कक्षा ४ को तुलनामा बढि छ । तामाङ्ग विद्यार्थीको तुलनामा गैरतामाङ्ग विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत समग्रमा ७४.९१% छ भने गैरतामाङ्ग विद्यार्थीहरूको ८७.४२% छ । वि.सं. २०७० सालमा तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धि १२.५१% ले कमी भएको पाइयो ।

वि.सं. २०७० सालको ४ वटै विद्यालयको तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीहरूको कूल संख्या, उत्तीर्ण संख्या तथा उत्तीर्ण प्रतिशत तलको तालिकामा देखाइएको छ ।

**तालिका ५ : २०६९ सालमाउत्तिर्ण हुने विद्यार्थी विवरण**

| कक्षा | विवरण | तामाङ्ग वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर तामाङ्ग वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | २७ | १८ | ६६.६ | १९ | १५ | ७८.९ |
| | छात्रा | २४ | १७ | ७०.८ | १५ | १३ | ८६.६ |
| | जम्मा | ५१ | ३५ | ६८.६ | ३४ | २८ | ८२.३ |
| २ | छात्र | २५ | १८ | ७२ | १७ | १४ | ८२.३ |
| | छात्रा | २१ | १६ | ७६.२ | १५ | १३ | ८६.६ |
| | जम्मा | ४६ | ३४ | ७३.९ | ३२ | २७ | ८४.३ |
| ३ | छात्र | १८ | १५ | ८३.३ | १३ | १० | ८४.६ |
| | छात्रा | १९ | १३ | ६८.४ | १८ | १७ | ८८.८ |
| | जम्मा | ३७ | २८ | ७५.६ | ३१ | २७ | ८७.१ |
| ४ | छात्र | २५ | २१ | ८४ | १९ | १७ | ८९.४ |
| | छात्रा | ३२ | २६ | ८१.२ | १८ | १५ | ८३.३ |
| | जम्मा | ५७ | ४७ | ८२.४ | ३७ | ३२ | ८६.४ |
| ५ | छात्र | २२ | १६ | ७०.७ | १८ | १६ | ८८.८ |
| | छात्रा | २३ | १७ | ७३.९ | १६ | १४ | ८७.५ |
| | जम्मा | ४५ | ३३ | ७३.३ | ३४ | ३० | ८८.२ |
| जम्मा | छात्र | ११७ | ८८ | ७५.२ | ८६ | ७३ | ८४.८ |
| | छात्रा | ११९ | ८९ | ७४.७ | ८२ | ७१ | ८६.६ |
| | जम्मा | २३६ | १७७ | ४९.५ | १६८ | १४४ | ८५.७ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

प्रस्तुत तालिकामा हेर्दा अध्ययन क्षेत्रका ४ वटै विद्यालयको २०७० सालको जम्मा तामाङ्ग विद्यार्थी संख्या २३६ रहेकोमा १७७ जना अर्थात् (७५%) मात्र उत्तिर्ण भएका छन् । जसमा छात्र ७५.२१ र छात्रा (७४.७९%) छ । कक्षा १ को तुलनामा कक्षा २ को उत्तिर्ण प्रतिशत बढि छ भने २ को तुलनामा ३ को बढी छ । ३ भन्दा ४ र ५ मा केही कम देखिन्छ । अर्थात् नतिजामा कक्षागत रूपमा घटबढ देखिन्छ ।

अध्ययन क्षेत्रका जम्मा गैर तामाङ्ग विद्यार्थी संख्या १६८ मध्ये १४४ जना अर्थात् (८५.७१%) उत्तिर्ण देखिन्छ। त्यसमा पनि छात्र भन्दा छात्राको उत्तिर्णदर बढि देखिन्छ। कक्षागत रूपमा हेर्दा गैर तामाङ्गहरूमा पनि उत्तिर्ण दर घटबढ देखिन्छ। समग्रमा २०६९ सालको नतिजा विश्लेषण गर्दा कक्षा १-५ सम्म नै तामाङ्ग विद्यार्थीको तुलनामा गैर तामाङ्ग विद्यार्थीको उत्तिर्णदर सबै कक्षाहरूमा बढी देखिन्छ। तामाङ्गहरू आर्थिक कारणले गर्दा आफ्ना बालबालिकालाई आवश्यक शैक्षिक सामग्री, अतिरिक्त पढ्ने वातावरणको व्यवस्था गर्न सक्दैनन्। जसले गर्दा मार्क्सले भनेझै आर्थिक कारणले उनीहरूको पढाइलाई प्रत्यक्ष असर पुऱ्याइरहेको हुन्छ। यसबाट गैर तामाङ्गको भन्दा तामाङ्गको शैक्षिक उपलब्धि न्यून देखिन्छ र यसले कमजोर शैक्षिक अवस्थाको संकेत गर्दछ।

माथिको तालिका तालिका अध्ययन गर्दा कक्षा १ को तुलनामा कक्षा २ को उत्तिर्ण प्रतिशत बढि छ भने २ को तुलनामा ३ कक्षाको पनि उत्तिर्ण प्रतिशत बढि छ। त्यस्तै ३ भन्दा ४ को र ४ भन्दा ५ को उत्तिर्ण प्रतिशत बढि देखिन्छ।

तामाङ्ग विद्यार्थीको तुलनामा गैर तामाङ्ग विद्यार्थीहरूको उत्तिर्ण कक्षा १-५ सम्म नै बढि देखिन्छ। समग्रमा १-५ कक्षासम्मको उत्तिर्ण प्रतिशत तामाङ्ग विद्यार्थीहरूको औषत ७५ रहेको छ भने गैर तामाङ्गहरूको ८५.७ रहेको छ। यस वर्ष तामाङ्गको भन्दा गैर तामाङ्गको उत्तिर्ण प्रतिशत १०.७१ ले बढि छ। यसबाट के थाहा हुन्छ भने तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धि गैर तामाङ्ग विद्यार्थीको तुलनामा कमी देखिनुले तामाङ्गहरूको शैक्षिक अवस्था न्यून रहेको देखिन्छ।

**तालिका ६ : २०७० सालमा उत्तिर्ण हुने विद्यार्थी विवरण**

| कक्षा | विवरण | तामाङ्ग वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर तामाङ्ग वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | ३१ | २२ | ७०.९७ | १९ | १६ | ८० |
| | छात्रा | ३५ | २५ | ७१.४२ | २२ | १८ | ८५.७ |
| | जम्मा | ६६ | ४७ | ७१.२ | ४१ | ३४ | ८२.९ |
| २ | छात्र | १३ | ९ | ६९.२ | १९ | १६ | ८५ |
| | छात्रा | २४ | १८ | ७५ | २६ | २२ | ८४ |
| | जम्मा | ३७ | २७ | ७२.९ | ४५ | ३८ | ८४.४ |
| | छात्र | १६ | १२ | ७५ | १६ | १३ | ८० |
| | छात्रा | २२ | २० | ९०.९ | १५ | १२ | ८१.२ |
| | जम्मा | ३८ | ३२ | ८४.२ | ३१ | २५ | ८०.६ |
| ४ | छात्र | २५ | २० | ८० | १६ | १५ | ९४.१ |
| | छात्रा | २८ | २३ | ८२.१४ | १६ | १४ | ८६.६ |
| | जम्मा | ५३ | ४३ | ८१.१ | ३२ | २९ | ९०.६ |
| ५ | छात्र | २३ | १७ | ७३.९ | ११ | ९ | ८० |
| | छात्रा | २१ | १८ | ८५.७ | १६ | ९८ | ८१.८ |
| | जम्मा | ४४ | ३५ | ७९.५ | २७ | १०७ | ८०.९ |
| जम्मा | छात्र | १०७ | ८० | ७४.७ | ८२ | ६९ | ८४.१ |
| | छात्रा | १३१ | १०४ | ७९.४ | ८८ | ७४ | ८४.१ |
| | जम्मा | २३८ | १८४ | ७७.३१ | १७० | १४३ | ८४.१ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

कक्षागत हेर्दा कक्षा १ मा भन्दा कक्षा २ मा उत्तीर्ण प्रतिशत बढी देखिन्छ भने २ मा भन्दा ३ मा यो उत्तीर्ण दर अझ बढि देखिन्छ। ३ को तुलनामा कक्षा ४ मा केही कम देखिन्छ भने ४ मा भन्दा ५ मा यो उत्तीर्ण दर अझ घटेको देखिन्छ। यसप्रकार तामाङ्गहरू जति माथिल्लो कक्षामा चढ्दै त्यति नै उनीहरूको पढाई स्तर पनि घट्दै गएको स्थिति तथ्याङ्कले देखाउँछ। यसो हुनुमा घरायसी, पारिवारीक स्थिति, सामाजिक कु-संस्कार, राम्रो पथ प्रदर्शकको अभाव आदि प्रमुख कारणहरू देखिन्छन्।

यसैगरी कक्षा १ देखि ५ सम्मको गैर तामाङ्ग विद्यार्थी संख्या १७० जना मध्ये परिक्षामा १४३ जना उत्तिर्ण देखिन्छन्। प्रतिशतमा हेर्दा कूल ८४.१२% उत्तिर्ण देखिन्छन् जसमा छात्र ८४.१५ र छात्रा ८४.१% उत्तिर्ण भएका छन्। यसबाट तामाङ्ग भन्दा गैर तामाङ्ग विद्यार्थी बढि उत्तिर्ण भएको तथ्याङ्कले देखाउँछ। कक्षागत रूपमा हेर्दा कक्षा १ मा भन्दा २ मा उत्तिर्ण दर बढि छ भने २ मा भन्दा ३ मा केही कम छ। त्यस्तै ३ मा भन्दा ४ मा उत्तिर्ण दर बढेको देखिन्छ भने ४ मा भन्दा ५ मा गएर यो दर केही घटेको देखिन्छ।

गैरतामाङ्ग अभिभावकहरू तुलनात्मक रूपमा आफ्ना बच्चाहरूको पढाइप्रति समयसमयमा विद्यालयमा पुगेर आवश्यक जानकारी लिने गरेको पाइन्छ तर तामाङ्गहरूमा यस्तो जानरकी लिने गरेको पाइदैन। त्यसैगरी गैरतामाङ्ग अभिभावक र तामाङ्ग अभिभावकको आर्थिक भिन्नताको प्रभाव उनीहरूका बालबच्चाहरूमा समेत परेको देखिन्छ। समग्रमा मार्क्सले भनेझैँ आर्थिक कारण र दुर्खाइमले भनेझैँ चेतनाको कारण गैरतामाङ्ग विद्यार्थीको तुलनामा तामाङ्ग विद्यार्थीहरूको उत्तिर्णदर सबै कक्षामा कमी देखिन्छ।

माथिको तालिका अध्ययन गर्दा के स्पष्ट हुन्छ भने तामाङ्ग विद्यार्थीहरूको उत्तिर्ण प्रतिशत गैर तामाङ्ग विद्यार्थीहरूको उत्तिर्ण प्रतिशत भन्दा ६.७९ प्रतिशतले कम छ।

माथिको तालिकाअनुसार विगत तीनवर्षको नतिजा विश्लेषण गर्दा २०७० मा तामाङ्ग र गैरतामाङ्गबीचको उत्तिर्ण प्रतिशतमा १२.५१% को अन्तर थियो अर्थात् १२.५१%

गैरतामाङ्ग उत्तिर्ण भएका थिए । त्यस्तै २०७० मा गैर तामाङ्गभन्दा तामाङ्गको उत्तिर्ण प्रतिशत १०.७% ले न्यून रहेको देखियो भने २०७० मा तामाङ्गको उत्तिर्ण प्रतिशत ६.७९% ले कमी पाइयो । विद्यालयमा अध्ययन गर्ने तामाङ्ग विद्यार्थीहरू आवश्यक पर्ने शैक्षिक सामग्री समयमा किन्न सक्दैनन् । उनीहरूको घरमा पढाइको लागि उपयुक्त वातावरण पनि छैन । त्यसैले मार्क्सकाअनुसार आर्थिक कारण र दुर्खाइमकाअनुसार चेतनाको कारण गत तीनवर्षको नतिजा हेर्दा हरेक वर्ष तामाङ्गहरूको उत्तिर्णदर न्यून रहेको देखिन्छ ।

### ४.२.४ विद्यार्थीहरूको विद्यालय उपस्थिति

तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीहरूको शैक्षिक सत्र २०७० सालको विद्यालय उपस्थिति पत्ता लगाउन विद्यालयको हाजिरी अभिलेखको आधारमा अध्ययन क्षेत्रका प्रत्येक विद्यालयको कक्षागत मासिक उपस्थिति जोडी औषत निकालियो ।

विद्यालय खोल्नुपर्ने दिन कम्तिमा २२० तोकिएको (शिक्षा नियमावली, २०४९) भए तापनि अध्ययन क्षेत्रका विद्यालयमा भने कम्तिमा १७४ दिन र बढिमा १९९ दिन विद्यालय खुलेको पाइयो । जुन औषतमा १९१ दिन हुन आउँछ । शिक्षा नियमावली अनुसार विद्यालय खुल्ने र पढाई हुने दिन २२० तोकिए तापनि ती विद्यालयहरूमा विद्यालय खुल्ने र पढाई हुने दिनमा एकरूपता पाइएन । सो सम्बन्धमा प्र.अ. एवं शिक्षकहरूसँग प्रतिक्रिया लिँदा समय-समयमा हुने बन्द, हड्तालको असर, समाजका गन्यमान्य व्यक्तिको निधन, स्थानीय चाडपर्व तथा सामाजिक सांस्कृतिक संस्कारका कारणहरूले गर्दा हुने विदाजस्ता कुराहरूले विद्यालय खुल्ने दिन र विद्यालय पढाई हुने दिनमा असर पारेको भन्ने जानकारी पाइयो । यसैगरी विद्यालय खुल्ने दिन र पढाई हुने दिन अन्तर देखिनुमा शिक्षकले बन्द हड्तालको बेलामा पनि हाजिर गर्ने र उत्तर पुस्तिका परिक्षणको समयमा पनि विद्यालय खोल्नेजस्ता प्रतिक्रिया पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक तहमा अध्ययन गर्ने तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीहरूको विद्यालय उपस्थिति अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ७ : विद्यार्थीहरूकोऔषत वार्षिक उपस्थितिको अवस्था**

| कक्षा | तामाङ्ग विद्यार्थी | | | | गैर तामाङ्ग विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १५२ | ७९.५८ | १४६ | ७६.४३ | १६५ | ८६.३८ | १५८ | ८२.७२ |
| २ | १४७ | ७६.९६ | १४३ | ७४.८६ | १५९ | ८३.२४ | १५२ | ७९.५८ |
| ३ | १४६ | ७६.४३ | १३६ | ७१.२ | १६१ | ८४.२९ | १५५ | ८१.१५ |
| ४ | १४० | ७३.२९ | १२९ | ६७.५३ | १६१ | ८४.२९ | १४९ | ७८.०१ |
| ५ | १३४ | ७०.१५ | १२८ | ६७.०१ | १५६ | ८१.६७ | १५४ | ८०.६२ |

(स्रोत : विद्यालय सर्वेक्षण, २०७०)

नोट : विद्यालय खुलेको दिन : १९१

माथिको तालिकाको अध्ययन गर्दा कक्षागत रूपमा तामाङ्ग तथा गैर तामाङ्ग छात्रछात्राको उपस्थिति औषत दिनमा हेर्दा गैरतामाङ्गको उपस्थिति प्रतिशत बढ्दो क्रममा देखिन्छ । जसअनुसार तामाङ्ग छात्रको सबभन्दा बढि उपस्थिति ७९.५८% १ कक्षामा देखिन्छ भने तामाङ्ग छात्राको सबभन्दा बढि उपस्थिति ७६.४३% कक्षा १ मै देखिन्छ । गैर तामाङ्ग छात्रछात्राको पनि अन्य कक्षाको तुलनामा कक्षा १मा उपस्थिति बढि देखिन्छ ।

प्रत्येक कक्षामा गैर तामाङ्ग छात्र र छात्राको उपस्थितिको तुलनामा तामाङ्ग छात्र र छात्राको उपस्थिति कम देखिन्छ । यसैगरी तामाङ्ग र गैर तामाङ्ग दुबै समूहमा छात्रभन्दा छात्राको उपस्थिति कम देखिन्छ । गैर तामाङ्ग विद्यार्थीको तुलनामा तामाङ्ग विद्यार्थीको विद्यालयमा उपस्थिति कम हुनुको कारणबारे विद्यालयमा अध्यापनरत शिक्षक र विद्यार्थीका अभिभावकसँग छलफल गर्दा शैक्षिक चेतनाको कमी, परम्परागत कार्यको अनुसरण, आर्थिक स्थिति कमजोर, जीविकोपार्जनको लागि ज्याला, मजदुरी गर्नुपर्ने, काममा जाँदा छोराछोरीलाई घर बसाल्ने परिपाटी रहेको बुझियो ।

### ४.२.५ तामाङ्गविद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा सहभागिता

अध्ययन क्षेत्रका तामाङ्ग विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा कस्तो सहभागिता छ ? भन्ने जानकारी लिन अवलोकन फाराम प्रयोग गरिएको थियो । अवलोकन कार्य ४ वटा सामुदायिक विद्यालयका ४ जना प्र.अ. र ४ जना शिक्षक गरी ८ जनालाई उपलब्ध गराइएको थियो ।

**तालिका ८ : विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता**

| विद्यार्थी क्रियाकलाप | प्र.अ. र शिक्षकको धारणा | | | |
|---|---|---|---|---|
| | तामाङ्ग विद्यार्थी बारे उत्तरदाता | | गैर तामाङ्ग विद्यार्थी बारे उत्तरदाता | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कक्षामा ध्यान दिएर सुन्छ । | २ | २५ | ६ | ७५ |
| विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | १ | १२.५ | ७ | ८७.५ |
| शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | १ | १२.५ | ७ | ८७.५ |
| छलफलमा सहभागी हुन्छ । | २ | २५ | ६ | ७५ |
| शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ । | ४ | ५० | ४ | ५० |
| कक्षा कार्य गर्छ । | २ | २५ | ६ | ७५ |
| गृहकार्य गरेर ल्याउँछ । | १ | १२.५ | ७ | ८७.५ |
| अरु विद्यार्थीसँग बस्छ । | ६ | ७५ | २ | २५ |
| कापीकलम लिएर स्कूल आउँछ । | ४ | ५० | ४ | ५० |
| समयमा स्कूल आउँछ । | २ | २५ | ६ | ७५ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ भन्ने तर्कमा तामाङ्गको पक्षमा १२.५ र गैर तामाङ्गको पक्षमा ८७.५ प्रतिशत सहमती पाइयो । छलफलमा सहभागी हुन्छ भन्नेमा तामाङ्गको पक्षमा जम्मा २५% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर तामाङ्गको पक्षमा ७५% सहमत देखिए । शिक्षकले दिएको अर्ति पालन गर्छ भन्नेमा तामाङ्गको पक्षमा जम्मा ५०% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर तामाङ्गको पक्षमा ५०% सहमत देखिए । कक्षाकार्य गर्छ भन्ने विषयमा तामाङ्गको पक्षमा २५ र गैर तामाङ्गको पक्षमा ७५ प्रतिशत सहमती पाइयो । गृहकार्य गर्ने विषयमा राखिएको जिज्ञासामा तामाङ्गको पक्षमा १२.५ र गैर तामाङ्गको पक्षमा ८७.५ प्रतिशत सहमती पाइयो । अरु विद्यार्थीसँग बस्छ भन्नेमा तामाङ्गको पक्षमा ७५ र गैर तामाङ्गको पक्षमा २५ प्रतिशत सहमती पाइयो । कापीकलम लिएर स्कूल आउँछ भन्ने विषयमा तामाङ्गको पक्षमा ५० र गैर तामाङ्गको पक्षमा ५० प्रतिशत सहमती पाइयो र समयमै स्कूल आउँछ भन्ने विषयमा तामाङ्गको पक्षमा २५ र गैर तामाङ्गको पक्षमा ७५ प्रतिशत सहमती पाइयो ।

अवलोकनको साथसाथै तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीका क्रियाकलापबारे जानकारी प्राप्त गर्न समूह छलफल, अन्तरक्रिया तथा सर्वेक्षण र व्यक्तिगत भेटघाट समेत गर्दा पनि तामाङ्गहरूको शैक्षिक अवस्था उपलब्धिमूलक नभएको कुरा जानकारी पाइयो ।

स्थलगत सर्वेक्षणको क्रममा २०७० सालमा अध्ययनको लागि छनोट भएका ४ वटै विद्यालयहरूको विद्यालय उपस्थिति एकैपटक लिँदा निम्न अवस्था देखा पऱ्यो ।

**तालिका ९ : विद्यार्थीहरूको उपस्थिति**

| क्र. सं. | विवरण | तामाङ्ग विद्यार्थी | | गैर तामाङ्ग विद्यार्थी | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | विद्यार्थी संख्या | २५८ | ५१.८ | २४० | ४८.१९ | ४९८ | १०० |
| २ | उपस्थित संख्या | १९४ | ७५.१९ | २२२ | ९२.५ | ४१६ | ८३.५३ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको जम्मा २० वटा कक्षाकोठामा तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीको जम्मा संख्या ४९८ देखिए तापनि २०७० चैत्र २ गते सबै विद्यालयमा एकैपटक अवलोकन गर्दा उक्त दिनमा ८३.५३% विद्यार्थीहरूको मात्र कक्षामा उपस्थिति पाइयो भने गैर तामाङ्ग विद्यार्थीहरूको ९२.५ प्रतिशत र तामाङ्ग विद्यार्थीहरूको उपस्थिति ७५.७९% पाइयो । यसबाट के प्रष्ट हुन्छ भने तामाङ्गको तुलनामा गैर तामाङ्ग विद्यार्थीहरू बढि मात्रामा उपस्थित हुने गर्दछन् ।

गैर तामाङ्ग विद्यार्थीको तुलनामा तामाङ्ग विद्यार्थीहरूको विद्यालय उपस्थिति कम देखियो । यसैप्रकार तामाङ्ग विद्यार्थीले पढाइप्रति कम ध्यान दिएको देखियो । गैर तामाङ्ग विद्यार्थीले भने पढाईप्रति रुचि राखेको पाइयो । जसले गर्दा गैर तामाङ्ग विद्यार्थीहरू कक्षामा शिक्षकले पढाउँदा विषय वस्तुप्रति ध्यान दिएको पाइयो । तामाङ्ग विद्यार्थीहरू एक आपसमा चल्ने, कुरा गर्ने, पछाडि बस्ने हुँदा पनि पढाईप्रति खासै रुचि नराखेको अवलोकनको क्रममा देखियो ।

अवलोकनको क्रममा ७५% तामाङ्ग विद्यार्थीहरू कक्षाकोठामा पछाडि बसेको पाइयो । सो सम्बन्धमा शिक्षकहरूसँग सोधपुछ गर्दा तामाङ्ग विद्यार्थीहरूमा आफूहरू पढाइमा कमजोर हुनाले र शिक्षकले अगाडि बस्नेलाई बढि सोध्ने हुँदा पछाडि बस्ने, शिक्षकको नजरमा कम परिने र पछाडि बसे हल्ला गर्न र चल्न पाइने भन्ने धारणाबाट ग्रसित भएकोजस्तो प्रतिक्रिया पाइयो ।

तामाङ्ग विद्यार्थीहरूले कक्षा कोठामा छलफलमा सक्रिय सहभागी नहुने, प्रश्न पनि नसोध्ने र शिक्षकले सोधेका प्रश्नको उत्तर कम दिने गरेको पाइयो । तुलनात्मक रूपमा गैर तामाङ्ग विद्यार्थीहरू भने कक्षाकोठामा हुने क्रियाकलाप, छलफल गर्दा ५०% विद्यार्थीहरूले शिक्षकसँग प्रश्न सोध्ने र उत्तर दिने साथै कक्षाकोठामा सहपाठीहरूसँग छलफल गर्न लाज मान्ने प्रतिक्रिया दिएभने बाँकी तामाङ्ग विद्यार्थीहरूले सो सम्बन्धमा कुनै प्रतिक्रिया दिएनन् ।

अवलोकनको क्रममा तामाङ्ग विद्यार्थीहरूतर्फ २०% ले र गैर तामाङ्ग विद्यार्थीहरूतर्फ ५०% ले मात्र गृहकार्य तयार पारेको पाइयो । यसरी नै ३५% तामाङ्ग र ५०% गैर तामाङ्ग विद्यार्थीहरूले कक्षाकार्य गरेको पाइयो । गृहकार्य र कक्षाकार्य नगर्ने तामाङ्ग विद्यार्थीसँग छलफल गर्दा घरमा फुर्सद नपाएर, नजानेर, थाहै नपाएर र घरमा सिकाउने मान्छे नभएर भन्नेजस्ता प्रतिक्रिया पाइयो ।

तामाङ्ग विद्यार्थीहरूले आफ्नो सरसफाईमा खासै ध्यान दिएको पाइएन । लामा-लामा नङ, नाकमा सिंगान, मैला कपडा लगायतका दृश्य अवलोकनको क्रममा पाइयो । विद्यार्थी अवलोकनपछि शिक्षकहरूसँग छलफल गर्दा आमाबाबु र परिवारमा सरसफाई सम्बन्धी चेतना र ज्ञान नभएको, घरको वातावरण नै सरसफाईप्रति बेवासता गर्ने किसिमका जस्तैः साँघुरा घरगोठ सँगै जोडिएको, कुखुरा तथा सुँगुरका खोरहरू पनि घरको नजिकै निर्माण गरिएको जाँडरक्सीको अधिक प्रयोग, शौचालय कम प्रयोग, कामले गर्दा फुर्सद नमिल्नेजस्ता प्रकृया पाइयो भने गैरतामाङ्ग समुदायमा चेतना र सामाजिक प्रभावले गर्दा आफ्ना छोराछोरीहरूलाई सरसफाईप्रति विशेष ध्यान दिइएको पाइयो ।

कक्षा कोठाभित्र गैरतामाङ्ग विद्यार्थीहरूको कारणले तामाङ्ग विद्यार्थीहरू अलग बस्नुपर्ने स्थिति भने देखिएन तर जति तामाङ्ग विद्यार्थीहरू पछाडि वा अलग बस्ने गर्दछन् त्यती गैरतामाङ्ग विद्यार्थीहरूमा पाइएन । उनीहरू स्वेच्छाले पछाडि बसेको उनीहरूसँगको सोधपुछबाट थाहा पाइयो । तामाङ्ग र गैरतामाङ्गविद्यार्थीहरू एउटै बेञ्चमा बसेर अध्ययनमा संलग्न भएको  पाइयो । यसैगरी कक्षा कोठाभित्र उनीहरू मिलिजुली बस्ने र अध्ययन गरेको समेत पाइयो ।

अवलोकनका क्रममा २०% तामाङ्ग विद्यार्थीहरू कापी, कलम बिना स्कुल आएको र विद्यालय समय भन्दा पनि केही ढिलो आएको पाइयो । यसबारेमा विद्यालयमा शिक्षकहरूसँग छलफल गर्दा गरिवीको कारणले समयमा कापी, कलम, विद्यालय पोसाक किन्न अभिभावकले नसक्ने, परिश्रम गरेर कमाएको पैसाले पेट पाल्न समेत नपुग हुनेजस्ता प्रतिकृया पाइयो । जसले गर्दा उनीहरू विद्यालय ढिलो आउने, कहिले

त विद्यालयमा नै नपुगी घर फर्कनेजस्ता प्रतिकृया समेत पाइयो । प्रायः न्यून आय भएका, चेतनाका कमी भएका तामाङ्ग समुदायका केटाकेटीमा यस्तो स्थिति देखियो । तामाङ्ग समुदायभित्र पनि केही सम्पन्न परिवारले आफ्नो छोराछोरीलाई निजी विद्यालयमा पढाएको पाइयो । अर्को तर्फ ९५% गैरतामाङ्ग विद्यार्थीहरू भने कापी, कलम लिएर समयमा नै विद्यालय आएको अवलोकनको क्रममा देखियो । गैरतामाङ्ग समुदायमा पनि ब्राह्मण र क्षेत्रीको तुलनामा दलित केटाकेटीहरूको स्थिति भने तामाङ्ग समुदायका केटाकेटीहरू भन्दा पनि कमजोर पाइयो । यसबारेमा शिक्षकसँग छलफल गर्दा ब्राह्मण क्षेत्रीहरू न्यून आय स्तरका भए पनि उनीहरूका अभिभावकले आफ्ना छोराछोरीलाई समयानुकुल उचित शिक्षा दिनुपर्छ भन्ने सकारात्मक दृष्टिकोण राखेको कुरा बताए ।

अतिरिक्त क्रियाकलापमा रुची सम्बन्धमा विद्यालयमा तामाङ्ग विद्यार्थीहरूले गैर तामाङ्ग विद्यार्थी सरह नै उत्सुकता पूर्वक भाग लिएको पाइयो । यसमा पनि बौद्धिक क्रियाकलापको तुलनामा शारीरिक क्रियाकलापहरू जस्तै : दौडने, उफ्रने, भलिवल जस्ता खेलकुद कार्यमा बढी रुचि राखेको पाइयो ।

## ४.३ तामाङ्ग बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ ।

**आन्तरिक तत्व** : यस अन्तर्गत पारिवारिक संरचना, वंशाणुगत गुण, अन्तरदृष्टि सिकाई क्षमता, रूचि चाहना क्षमता आदि पर्दछन् ।

**बाह्य तत्व** : यस अन्तर्गत कक्षाकोठा, शिक्षक, संगत, आर्थिक, भौतिक पक्ष, राजनैतिक अवस्था, धार्मिक सांस्कृतिक, भाषा आदी पर्दछन् ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई विद्यालयसँग सम्बन्धित तत्वहरू सामाजिक तत्वहरू, पारिवारिक तत्व, आर्थिक तत्व, राजनैतिक तत्वहरूले प्रभाव पारेको पाइयो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका १० : तामाङ्गहरूको शैक्षिक उपलब्धि न्यून हुनुमा प्रभाव पार्ने तत्वहरू**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष(४) | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक अभाव | २ (५०%) | २ (५०%) | २ (५०%) | ४ (५०%) | २ (२.५५%) | - |
| २ | चेतनाको कमी | १ (२५%) | - | - | १ (१२.५%) | २ (५%) | १ (१००%) |
| ३ | ठूलो परिवार | १ (२५%) | १ (२५%) | - | १ (१२.५%) | ६ (१५%) | - |
| ४ | मातृभाषामा शिक्षण नहुनु | - | १ (२५%) | १ (१२.५%) | १ (१२.५%) | ६ (१५%) | - |
| ५ | रोजगारी नपाइनु | - | - | १ (१२.५%) | १ (१२.५%) | ४ (१०%) | - |
| ६ | सांस्कृतिक प्रभाव | - | २ (५०%) | - | - | - | - |
| ७ | राजनैतिक प्रभाव | - | - | - | ४ (५०%) | - | - |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

माथिको तालिका अनुसार तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूका सम्बन्धमा देखिएका समस्याहरू सरोकारवालाहरूले (प्र.अ., वि.व्य.स.

अध्यक्ष, शिक्षक, स्रोतव्यक्ति, अभिभावक र विद्यार्थी) व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ ।

### ४.३.१. आर्थिक अभाव

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ५०% प्र.अ.हरू, ५०% शिक्षकहरू, ५०% वि.व्य.स. अध्यक्षहरू, ५०% अभिभावक तथा ५५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ४.३.२. चेतनाको कमी

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% प्र.अ.हरू १२.५% अभिभावक, ५% विद्यार्थीहरू र स्रोतव्यक्ति १००% सहमत भएको पाइयोय । यसरी हेर्दा दुर्खाइमका अनुसार चेतनाको कमीबाट शैक्षिक उपलब्धिमा प्रभाव पर्ने देखियो ।

### ४.३.३. ठूलो परिवार

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% प्र.अ.हरू, २५% शिक्षकहरू, १२.५% अभिभावक तथा १५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ४.३.४. मातृभाषामा शिक्षण नहुनु :

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% शिक्षकहरू, २५% वि.व्य.स. अध्यक्षहरू, १५% अभिभावक तथा १५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ४.३.५. रोजगारी नपाइनु

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% वि.व्य.स. अध्यक्षहरू, १२.५% अभिभावक तथा १०% विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ४.३.६. साँस्कृतिक प्रभाव

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ५०% शिक्षकहरू सहमत भएको पाइयो । तामाङ्ग समुदायमा जन्म, न्वारन, पास्नी, छैंठी, विवाह, मृत्यु आदि संस्कारमा जाँड रक्सि, मासु आदि खुवाउने चलनले गर्दा र रमाइलो गरी चाडपर्वहरू मनाउने हुँदा घरपरिवारबाट विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारेको पाइयो ।

### ४.३.७. राजनैतिक प्रभाव

तामाङ्ग विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यलायहरूका ५०% अभिभावकहरू सहमत भएको पाइयो । तथ्याङ्क संकलनमा जे जस्तो सूचना तथा तथ्याङ्क प्राप्त भएता पनि स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूमा अधिकांश विद्यालयहरूमा बन्द, हड्ताल, द्वन्द्व, तालाबन्दी, चक्काजाम तथा राजनैतिक हस्तक्षेपजस्ता कारणले विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो । स्थलगत सर्वेक्षणका आधारमा भेटघाट, अन्तरक्रिया, वार्तालाप आदि माध्यमबाट प्राप्त जानकारीका आधारमा शैक्षिक समस्याहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

तामाङ्ग समुदायमा आफ्नो जग्गा जमिन थोरैको भए पनि धेरैको कम भएको हुँदा गरिविको कारण तामाङ्ग बालबालिका पनि आयआर्जन गतिविधिमा संलग्न रहन्छन् । प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना बालबालिका देखि परिवारका ठूला सबै सदस्यहरूले काम गर्नुपर्ने बाध्यता देखियो । गरिबीको कारण विद्यालय पोसाक, भर्ना शुल्क, परिक्षा शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक

परेको समयमा रूपैयाँ पैसा सापटी पाउन पनि गाह्रो परेको अन्तरवार्ताका क्रममा पाइयो ।

अधिकाँश तामाङ्ग युवाप तथा बालबालिकाहरु गरिबीको कारण गाडी लाईनमा ड्राइभर, कन्डक्टर र खलासी पेशामा लाग्ने गरेको हुँदा विद्यालयमा अध्ययनरत बालवालिकाहरु पनि पढाइमा ध्यान नदिने र आफ्नो पढाई वीचैमा छाडने गरेको पाइयो ।

प्राय तामाङ्ग परिवारहरू अशिक्षित हुनाका कारण आफ्ना केटाकेटीहरूको शैक्षिक गतिविधीमा संलग्न देखिँदैनन् । घरको वातावरण शिक्षासँग मेलखाने खालको नभएकोले आफै शिक्षा विकासमा प्रत्यक्ष संलग्न हुने अवस्था देखिएन । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिट्टै आर्थिक लाभ हुने कामतिर आकर्षित भै शिक्षाप्रति बेवास्ता गरेको पाइयो । उनीहरू प्रायः परम्परागत, जातिगत काममा संलग्न रहेको पाइयो ।

केटाकेटीहरूले घरको काममा सहयोग गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थित हुन पुगेका छन् । यसमा पनि छोरीले घरको काम धन्दामा सघाउनु पर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । यो धारणा हुने खाने तामाङ्गहरूमा पनि रहेको छ । यस अर्थमा तामाङ्ग समूदायमा धन भन्दा पनि लैङ्गिक विभेद राख्ने राष्ट्रिय प्रवृत्तिको पूनरावृत्ति भएको देखियो ।

तामाङ्ग समाजमा पनि केटीलाई भन्दा केटालाई धेरै स्वतन्त्रता छ । महिला अभिभावकहरू प्रायः अशिक्षित नै छन् । यसले गर्दा केटाकेटीमा समान व्यवहार पाइदैन । तामाङ्ग समुदायमा परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहेकोले शिक्षालाई जीवनका लागि अपरिहार्य साधन महशुस हुन नसकेको देखियो ।

घरको काममा सम्पूर्ण परिवारको संलग्नता रहन्छ । त्यसैले तामाङ्ग बालबालिकाहरू विद्यालयमा अनुपस्थित रहन्छन् । घरमा शैक्षिक वातावरण छैन तसर्थ पढाई छुटेर ति

बालबालिकाहरू अल्छी हुन पुगेका छन् । अनियमितताका कारणले उनीहरू पढ्न सक्दैनन् । यसले गर्दा परिक्षामा अनुत्तिर्ण हुन पुग्छन् । फलस्वरूप विद्यालयमा कम आएको पाइयो ।

तामाङ्ग समुदायमा जाँडरक्सीको अत्याधिक प्रयोग गरी चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने भएकोले बालबालिकामा पनि त्यस्तै प्रभाव परेको देखियो । छिटो विवाह गर्ने चलनले धेरै सन्तान जन्मिने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको “भगवानले दिन्छन्, भगवान्ले पाल्न कर लाग्छ” भन्ने रुढीवादी धारणा विद्यमान रहेको देखियो ।

तामाङ्ग समुदायमा लाहुरे हुनै पर्ने मान्यताले पनि अभिभावकहरू पढाई लेखाइतिर भन्दा पनि आफ्नो छोरालाई बेलायती सेनामा, भारतीय सेनामा, खाडी मुलुकमा र त्यो पनि नभए भारतको विभिन्न ठाउँमा नोकरी गर्न पठाउने सामाजिक परम्पराले पनि पढाई बीचैमा छोड्ने परिपाटी विद्यमान रहेको देखियो । पढाईलाई भन्दा पैसालाई बढी महत्व दिने संस्कारले गर्दा पनि तामाङ्ग समुदायमा शिक्षाको खासै महत्व देखिएन ।

तामाङ्ग समुदायमा लाहुरेलाई जति मानसम्मान दिइन्छ । एउटा पढेको मानिसले उक्त सम्मान पाउँदैन । फलस्वरूप सामाजिक सम्मानको लागि पनि लाहुरे हुनुपर्ने परिस्थिति विद्यमान रहेको देखियो । ‘संगत गुनाको फल’ भने जस्तै समाजमा पढे लेखेका मानिस धेरै नहुँदा गाउँमा अल्लारे, आवरापनका केटाकेटीहरू बढी हुने हुनाले पढ्न चाहनो बालबालिका पनि उनीहरूको संगतले गर्दा विग्रन गएको देखियो ।

छोरीलाई भन्दा छोरालाई बढी महत्व दिने धार्मिक परम्परा र छोरी अर्केको घरमा जाने जात हो, नपढेपनि हुन्छ भन्ने रुढिवादी चिन्तन अझैसम्म पनि कायमै रहेको देखियो ।

छोरा नभए स्वर्गको ढोका बन्दहुन्छ भन्ने परम्परावादी धार्मिक मान्यताका कारणले धेरै छोरी भए पनि छोरा नभए सम्म बच्चा जन्माउँदै जाने परिपाटीले परिवारको आकार

ठूलो भै आर्थिक अवस्था कमजोर हुन जाँदा पढाईतिर भन्दा आयआर्जनतिर छोरा छोरीलाई लगाउने गरेको पाइयो ।

शिक्षकहरूले पनि जान्ने विद्यार्थीलाई मनपराउने र नजान्ने विद्यार्थीलाई फरक ढंगले व्यवहार गर्ने, गाली गर्ने गर्दा उनीहरूमा पढाई प्रति निरासा छाएको देखियो । विद्यालयको भौतिक वातावरण शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसार नहुँदा पनि विद्यालय जान मन नगरेको देखियो ।

।

## ४.४ तामाङ्ग बालकालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू

तामाङ्ग बालकालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी जानकारी प्राप्त गर्ने क्रममा विभिन्न व्यक्तिहरूको अवधारणा निम्न अनुसार पाइयो ।

**तालिका ११ : तामाङ्गविद्यार्थीहरूका शैक्षिक उपलब्धी बृद्धि गर्ने उपायहरू**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष (४) | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक सहुलियत | ३ (७५%) | २ (५०%) | २ (५०%) | ३ (३७.५%) | १८ (४५%) | - |
| २ | निःशुल्क शिक्षा प्रदान | - | - | १ (२५%) | २ (२५%) | १६ (४०%) | - |
| ३ | रोजगारमूलक शिक्षा | १ (२५%) | १ (२५%) | १ (२५%) | १ (१२.५%) | २ (५%) | १ (१००%) |
| ४ | मातृभाषामा शिक्षा | - | १ (२५%) | - | १ (१२.५%) | ३ (७.५%) | - |
| ५ | जातीयभेदभावको अन्त्य | - | - | - | १ (१२.५%) | १ (२.५%) | - |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७१)

माथि उल्लेखित तालिकाको अध्ययन गर्दा तामाङ्ग बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरूमध्ये सरोकारवाला (प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी र स्रोतव्यक्ति) हरूले व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ ।

### ४.४.१ आर्थिक सहुलियत

तामाङ्गहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ७५% प्र.अ.हरू, ५०% शिक्षक, ५०% वि.व्य.स. अध्यक्ष, ३७.५% अभिभावक र ४५% विद्यार्थीहरू आर्थिक सहुलियतको पक्षमा रहेको पाइयो ।

### ४.४.२ निःशुल्क शिक्षा प्रदान

तामाङ्गहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु पर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% वि.व्य.स. अध्यक्ष, २५% अभिभावक र ४०% विद्यार्थीहरू निःशुल्क शिक्षाको पक्षमा देखिए ।

### ४.४.३ रोजगारमूलक शिक्षा

तामाङ्गहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% प्र.अ., २५% शिक्षक, २५ वि.व्य.स. अध्यक्ष, १२.५% अभिभावक र ५% विद्यार्थीहरू रोजगारमूलक शिक्षामा सहमत पाइए भने स्रोत व्यक्ति (१००%) पनि रोजगारमूलक शिक्षाको पक्षमा सहमत देखिए ।

### ४.४.४ मातृभाषामा शिक्षा

तामाङ्गहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% शिक्षक, १२.५% अभिभावक र ७.५ विद्यार्थीहरूमात्र मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा सहमत भए ।

### ४.४.५ जातीय भेदभावको अन्त्य

तामाङ्गहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १२.५% अभिभावक तथा २.५% विद्यार्थी मात्र जातीय भेदभावको अन्त्यमा सहमत भएको पाइयो । स्थलगत भ्रमणको क्रममा व्यक्तिगत भेटघाट, अन्तरक्रियाजस्ता माध्यमबाट तामाङ्गहरूको शैक्षिक उपलब्धि बढाउने उपायहरू निम्न अनुसार पहिचान गरियो ।

तामाङ्ग बालबालिकाको पायक पर्ने ठाउँमा विद्यालय खोल्नुपर्छ । विद्यालय नजिक हुँदा तामाङ्ग बालबालिका समेत विद्यालय जान उत्साहित र प्रोत्साहित हुन्छन् । सकभर विहानी कक्षा चालु गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो कक्षामा घरायसी कामकाजले पढ्न नपाएकाहरूले पढ्ने अवसर पाउँछन् । उनीहरूले शैक्षिक कार्यमाअभिभावकहरू पनि प्रत्यक्ष रूपले संलग्न हुन सक्छन् र उनीहरूको ध्यान पुऱ्याउन सक्छन् ।

ठूलो उमेरका बालबालिका विद्यालयमा आउनेमा प्राय गरिब परिवार देखिन्छन् । उनीहरूका अभिभावकमा चेतनाको कमीले सुरुमा विद्यालय पढाउन भ्याएका हुँदैनन् । गाउँको स्कुलबाट प्रत्येक वर्ष भर्ना अभियानको क्रममा घरदैलो जागरण कार्यक्रम संचालन गर्दा मात्र बच्चाहरू विद्यालय पठाउन थाल्छन् ।

गरीब तामाङ्ग बालबालिकाहरूलाई छात्रवासको उचित प्रवन्ध, विद्यालयमा दिवा खाजाको व्यवस्था, गरिब बालबालीकालाई जो पढ्न जेहेन्दार छ उसलाई पढ्न अभिप्रेरित गर्न विद्यालयले आर्थिक सहयोग जुटाउने पहल गर्नुपर्दछ । स्थानीय जनसमुदायसँग चन्दा संकलन गर्ने र कुनै शिक्षा प्रेमीबाट अक्षयकोष स्थापना गर्न लगाई छात्रवृद्धि प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालय जान वञ्चित तामाङ्ग बालबालिका र प्रौढहरूको लागि साक्षरता कार्यक्रम ( प्रौढ शिक्षा तथा महिला शिक्षा) लाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ । पढेर

के हुन्छ ? भन्ने मानसिकताबाट हुर्केका तामाङ्गलाई पढाईका राम्रा पक्षबारे शिक्षा दिने कार्यक्रम सञ्चालन गर्नु पर्दछ। महिलाहरूलाई पढ्नबाट बञ्चित गर्ने चलनलाई निरुत्साहित गर्नका लागि लैङ्गिक समानता सम्बन्धी तालिम, गोष्ठि सञ्चालन गरेर तामाङ्ग अभिभावकहरूलाई जागरुक बनाउनु पर्दछ।

तामाङ्ग जातिका सहयोगी कार्यकर्ताहरूलाई तालिम दिएर उनीहरू बीचमै सुखः दुःखमा साथ दिँदै जनचेतना जगाउने काम गरिनुपर्दछ। विभिन्न संघ संस्थाहरूले समुदायमा जनचेतना र सशक्तिकरण अभियान चलाउनु पर्छ साथै समावेसी र समाहित शिक्षाका कार्यक्रम लागू गरिनुपर्छ। अधिकांश न्यून आय भएका तामाङ्ग परिवारहरूलाई विशेष सहुलियत प्रदान गरी बालबालिकाको सम्पूर्ण पढाइ खर्च सरकारले व्यहोर्नु पर्छ।

प्रत्येक विद्यालयमा तामाङ्ग भाषा कक्षाहरू तथा तामाङ्ग शिक्षक शिक्षिकाको दर्वन्दी कायम गर्न सकिएमा तामाङ्ग विद्यार्थीहरूको उपस्थिती बढ्न जान्छ। तामाङ्ग विद्यार्थीहरू बढी सकेपछि पनि विद्यालय विचैमा छाड्ने दरलाई कम गर्न छात्रवृत्ति, पोषाक तथा खाजाको उचित प्रवन्ध गर्नुपर्दछ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

अध्ययन क्षेत्रको व्याख्या र विश्लेषणबाट हासिल गरेका जानकारीहरूको आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

तामाङ्ग जातिका विद्यार्थीको शैक्षिक उपलब्धि वा उत्तिर्ण प्रतिशत गैर तामाङ्ग विद्यार्थीको तुलनामा कम रहेको छ । २०६८ सालको नतिजा हेर्दा ८७.४२% गैर तामाङ्ग विद्यार्थी उत्तिर्ण छन् भने तामाङ्ग विद्यार्थीको उत्तिर्ण प्रतिशत ७४.९१ रहेको छ । त्यस्तै २०६९ सालमा तामाङ्ग विद्यार्थीको उत्तिर्ण प्रतिशत ७५ र गैर तामाङ्ग विद्यार्थीको उत्तिर्ण प्रतिशत ८५.७ रहेको छ । त्यस्तै २०७० सालमा पनि गैर तामाङ्ग विद्यार्थी ८४.१% उत्तिर्ण छन् भने तामाङ्ग विद्यार्थीहरू ७७.३१% मात्र उत्तिर्ण छन् ।

गैरतामाङ्ग विद्यार्थीको तुलनामा तामाङ्ग विद्यार्थीको विद्यालय उपस्थितति कम देखिन्छ । तामाङ्गहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसकेका कारण उनीहरूको शैक्षिक उपलब्धि कमि छ र समग्र शिक्षा क्षेत्रमा पछि परेका छन् । अध्ययन क्षेत्रमा प्राथमिक विद्यालयहरूमा गैरतामाङ्ग विद्यार्थीहरूको तुलनामा तामाङ्ग विद्यार्थीहरूको संख्या कमी छ ।

विद्यालय र कक्षाकोठामा जातिपाती र वर्गको नाममा गरिने विभेद तथा अन्य क्रियाकलाप तामाङ्ग तथा गैरतामाङ्ग दुवै विद्यार्थीहरूमा नदेखिएका कारण विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा जातजातिको नाममा गरिने व्यवहारले बाधा पुऱ्याएको पाइएन । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाको विषयवस्तुमा हुने ज्ञानको कमिले स्वतः विद्यालय नजाने मनस्थिति रहेको  पाइयो । कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थी बीचको दोहोर आदान-प्रदान नभएकोले तामाङ्ग विद्यार्थीहरूले शैक्षणिक क्रियाकलापमा उल्लेख्य प्रगति गर्न नसकेको  देखिन्छ ।

तामाङ्ग विद्यार्थीहरू डराउने, लजाउने गरेकोले कक्षा कोठामा कम संलग्न हुने गरेको देखिन्छ । समुदाय परम्परागत रुढीवादी शैलीमा चल्नाले अभिभावकहरूमा शैक्षिक चेतनाको कमिले गर्दा कलिला बालबालिकामा त्यसको प्रभाव परी विद्यालयमा नजाने र बीचैमा पढाई छोड्ने स्थिति देखा परेको छ । लैङ्गिक समानताको कमीले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जसले गर्दा तामाङ्ग केटाको तुलनामा केटीको शैक्षिक उपलब्धि पनि कम रहेको छ ।

आर्थिक समस्या, तामाङ्ग अभिभावकमा चेतनाको कमी, तामाङ्गहरूमा परम्परागत विचार विद्यमान रहनु जस्ता कारणले तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा असर पुऱ्याएको छ । तामाङ्ग विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा र जातीय भेदभावको अन्त्य गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझाव

अध्ययन क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्ने क्रममा तामाङ्ग विद्यार्थीहरूको भर्ना र उपस्थिति, कक्षाकोठा क्रियाकलापमा सहभागिता, शिक्षक र गैर तामाङ्ग विद्यार्थीहरूले तामाङ्ग विद्यार्थीप्रति गर्ने व्यवहार, शैक्षिक समस्याहरू, वि.सं. २०६८ देखि २०७० सालसम्मको नतिजा रेकर्ड, पारिवारिक तथा सामाजिक वातावरण तथा समाधानका उपायहरूको जानकारीको आधारमा तामाङ्ग बालबालिकाको शैक्षिक उपलब्धि र प्रगतिका निम्ति लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा नियमित रूपमा उपस्थित हुने र नजानेका कुरा संकोच नमानी शिक्षकसँग सोध्ने बानी बसाल्नु पर्दछ । कक्षामा बस्दा पछाडि बेञ्चमा नबसी अगाडी बस्ने बानी बसाल्नु पर्दछ । कक्षामा हुने क्रियाकलापमा पछाडि गएर बस्ने, लजाउने नगरी सक्रिय सहभागिता जनाउनु पर्दछ । घरमा अभिभावकहरूले

विद्यालय जानु पर्दैन भनी भने तापनि वहाँहरूलाई सकभर आफूले सम्झाउने, नभए शिक्षकलाई घरमा बोलाई सम्झाउन लगाउनु पर्दछ ।

हामी तामाङ्ग बालबालिकाले पनि गैर तामाङ्ग बालबालिका सरह पढ्न र केही गर्न सकिन्छ भन्ने मनोबल बढाउनु पर्दछ । हीनताबोध त्याग्नु पर्दछ । खराब संगत र कुलतबाट टाढै रहनु पर्दछ । घरमा पनि कामको सट्टा पढाइतिर बढी ध्यान दिनु पर्दछ । घरको अवस्था हेरी कम खर्चमा आफ्नो पठनपाठन कार्य अगाडि बढाउनु पर्दछ ।

हामी देशको भविष्यको कर्णधार हौं, हामीले पढेर ठूलो मानिस बनी देशको विकासमा योगदान दिनु पर्दछ भन्ने उद्देश्य लिनु पर्दछ । "उद्देश्य के लिनु उडी छुनु चन्द्र एक" भन्ने महाकवी लक्ष्मीप्रसाद देवकोटाको भनाईलाई आत्मसात् गर्नु पर्दछ । पढाईलाई अर्थोपार्जनको रूपमा मात्र नलिई व्यक्तित्व विकासको रूपमा समेत हेरी सोही अनुसार कार्य गर्नु पर्दछ । सरसफाईमा विशेष ध्यान दिनु पर्दछ ।

परम्परागत रुढिवादी चिन्तन त्यागी आफ्ना बालबालिकाहरूलाई विद्यालयमा नियमित रूपमा पढ्न पठाउनु पर्दछ । छोरा र छोरीमा कुनै भेदभाव गर्नुहुँदैन । छोरालाई बढी महत्व दिने र छोरीलाई अर्काको घरमा जाने जात भनी फरक व्यवहार गर्नु हुँदैन । परिवारको आकार सकभर सानो बनाउनेतर्फ विशेष ध्यान दिनु पर्दछ । बालबालिकाले देख्ने गरी लागु पदार्थ (मद्यपान, धुम्रपान) सेवन गर्नु हुँदैन । भोजभतेरमा जाँडरक्सीको सेवनमा कटौती गर्दै लैजानुपर्ने देखिन्छ ।

हामीले नपढेर पनि भयो, तिमीहरूले किन पढ्नु पऱ्यो ? भन्ने परम्परावादी चिन्तन त्याग्नु  पर्दछ । आफ्ना बालबालिकाले घरमा पढे नपढेको तर्फ विशेष निगरानी राख्नुपर्ने देखिन्छ । विद्यालयमा समय समयमा गई आफ्नो बालबालिकाको हाजिरी, पढाईको स्तर आदिबारे शिक्षकहरूसँग सोधपुछ एवम् आवश्यक सरसल्लाह गर्नु पर्दछ ।

समय परिवर्तन भइसक्यो, अतः आफ्नो सोंचाई र चिन्तनमा पनि परिवर्तन गर्नुपर्ने देखिन्छ । आफ्नो बच्चा कमजोर भए पनि जसरी पनि पास गरिदिनु पर्दछ भन्ने भावना त्याग्नु पर्दछ । किनकी जग राम्रो नभए घर बलियो नभए जस्तै कमजोर बालबालिकालाई माथिल्लो कक्षामा लैजाँदा पछि भने समस्या पर्न जान्छ । अतः यस कुरामा अभिभावकले ध्यान दिनुपर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

तामाङ्ग बालबालिकाको पारिवारीक वातावरण राम्रो नहुने र उनीहरूलाई घरमा आवश्यक पथप्रदर्शन नहुँदा उनीहरू पढाईमा कमजोर हुन्छन् । अतः शिक्षकले कक्षामा सोही अनुसार व्यवहार गर्नुपर्ने देखिन्छ । तामाङ्ग बालबालिकाहरूलाई पछाडी बस्ने, घोप्टो मुन्टो लगाउने बानी हटाउन उनीहरूलाई आवश्यक वातावरणको सृजना गरी दिन पहल गर्नुपर्ने देखिन्छ ।

क्रियाकलापमा सहभागी भए नभएको निगरानी राख्नुपर्ने  देखिन्छ । गृहकार्य गरे नगरेको प्रति पनि विशेष ध्यान दिनुपर्दछ र नगरेको भए के कारणले  हो ? बुझ्नु पर्दछ । तामाङ्ग बालबालिकाको घरमा बेला बेलामा गई अभिभावकलाई सम्झाउनुपर्ने देखिन्छ । तामाङ्ग तथा गैर तामाङ्ग विद्यार्थीहरूलाई कक्षामा घुलमिल बनाई राख्ने र सकभर जान्ने नजान्ने मिलाई बसाई व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

तामाङ्ग बालबालिकाहरूलाई हौसला प्रदान गर्दै केही गल्ती गरे तापनि सजायँ दिनुको सट्टा अब गल्ती नगर्ने है भनेर मिठो बोलीले सम्झाउनु पर्ने देखिन्छ । अधिकांश तामाङ्ग बालबालिकाहरूलाई पढाउन अन्य जातिलाई भन्दा बढी ध्यान दिनु पर्दछ । किनकी उनीहरू ढिलो गरी बुझ्दछन् । घरमा सिकाउने कोही नहुँने हुँदा छिटो बिर्सने पनि गर्दछन् । अतः सोही अनुसार व्यवहार गर्नुपर्ने देखिन्छ ।

तामाङ्ग विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालयमा उपस्थित भए विद्यालयद्वारा पुरस्कार र प्रशंसा-पत्रको व्यवस्था गर्नु पर्दछ । शिक्षक र तामाङ्ग अभिभावकबीच

समय-समयमा शैक्षिक अन्तर्क्रिया सञ्चालन गर्नुपर्दछ र शिक्षकहरू तामाङ्ग विद्यार्थीहरूको घरमा नियमित रूपमा गएर भेटघाट गरी व्यवहारिक कुरा बुझ्ने र अभिभावकहरू विद्यालय गएर छोराछोरीको पढाईको बारेमा छलफल गर्नुपर्दछ ।

विद्यालयमा तामाङ्ग विद्यार्थीलाई विशेष निगरानी राख्न, शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । स्याबासी, प्रशंसा, विद्यार्थी-शिक्षकबीच दोहोरो सञ्चार नियमित रूपमा स्थापित गर्नुपर्दछ । तामाङ्ग बालबालिकालाई विद्यालयमा नियमित रूपमा उपस्थित गराउन उनीहरूलाई आकर्षित गर्ने मनोरञ्जनात्मक कार्यक्रम बेला-बेलामा आयोजना गर्नुपर्ने देखिन्छ । विद्यालयमा तामाङ्ग विद्यार्थीलाई विशेष निगरानी राख्ने शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नु पर्दछ ।

तामाङ्गहरूको समस्या र विद्यमान रुढिवादी चिन्तन विरुद्ध चेतना अभिवृद्धि गर्ने विषयवस्तु विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्दै लैजानुपर्ने देखिन्छ । शिक्षा नीति बनाउँदा व्यवहारिक, पिछडिएका जनजातिलाई केन्द्रविन्दु राखी भावी नीति तथा योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । नीति नियम बनाउँदा सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिनुपर्ने देखिन्छ ।

नीति नियमको निर्माण गर्ने तहमा जनजातिको पहुँच पुऱ्याउने खालको वातावरण बनाउन नीति नियममै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ । नीति नियम पारदर्शी बनाईनु पर्दछ । नीति नियम हचुवाको भरमा बनाइनु हुँदैन । नीति नियम बनाउँदा राज्यको हरेक अंगमा सबै जातजातिको प्रतिनिधित्व हुने खालको बनाइनु पर्ने देखिन्छ ।

विद्यालयको वार्षिक परीक्षामा तामाङ्ग बालबालिकाहरूलाई प्रोत्साहन दिने र तामाङ्ग केटाकेटीको लागि छुट्टै विशेष आरक्षण र अवसरको व्यवस्था गर्नुपर्ने देखिन्छ । तामाङ्ग विद्यार्थीहरूको उत्कृष्ट कामको मूल्याङ्कन गर्दै उनीहरूलाई सार्वजनिक महत्वका ठाउँहरूमा पुरस्कृत गर्दै लैजानुपर्ने देखिन्छ । तामाङ्ग बालबालिकालाई विद्यालयमा आकर्षित बनाउन विद्यालयले छात्रवृत्ति, छात्रावास, दीवा खाजा आदिको

व्यवस्था गर्न पहल गर्नुपर्ने देखिन्छ । विद्यालयको वातावरण अनुकूल बनाउनतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

तामाङ्ग विद्यार्थीहरूलाई शैक्षिक सत्रको शुरुमा विद्यालयमै पुरस्कार वितरणमा सरकारी पहल हुनुपर्ने देखिन्छ । तामाङ्ग बालबालिकाहरूलाई छात्रवृत्ति, पोशाक वितरण, प्रशंसाजस्ता सकारात्मक कार्यक्रमहरू सरकारी पक्षबाट सञ्चालन गर्नुपर्दछ । वास्तविक रूपमा विपन्न, जेहेन्दार र तामाङ्ग तथा त्यसमा पनि पिछडिएको विद्यार्थीहरूको छनोट गर्न गाउँ शिक्षा समिति र शिक्षक, प्र.अ.हरूले पारदर्शी तरिका अपनाउनु पर्दछ ।

**५.२.३ अनुसन्धान तह**

तामाङ्ग विद्यार्थीहरूमा शैक्षिक उपलब्धि बृद्धि गर्नको लागि प्रत्येक विद्यालयमा सम्भव भएसम्म तामाङ्ग, महिला र नभएमा तामाङ्ग समुदायका व्यक्तिबाट शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ । तामाङ्ग जातिको साक्षरता बृद्धि गर्न साक्षरता अभियान राष्ट्रिय रूपमै सञ्चालन गरिनु पर्दछ । तामाङ्ग जातिमा विद्यमान परम्परागत सिपको आधुनिकीकरण गरी त्यसलाई व्यवसायिक रूपमा संचालन गर्न सरल कर्जा प्रणाली उपलब्ध गराउनु पर्दछ । यसले उनीहरूको आर्थिक पक्ष सुदृढ हुन गई चेतना स्तर बढ्न जान्छ र छोराछोरीलाई विद्यालय पढाउँछन् । गैर तामाङ्ग भित्र रहेका धार्मिक, सामाजिक कट्टरपनाले तामाङ्ग भित्र रहँदै आएको हीन भावना हटाउँदै लैजान तामाङ्ग जनजातिसम्बन्धि विभिन्न कार्यक्रमको सञ्चालन गर्नुपर्दछ । तामाङ्ग जातिभित्र रहेका जातीय विभेदको पहिचान गरी न्यूनिकरणको प्रयास गर्नुपर्दछ । तामाङ्गहरूलाई राज्यको हरेक अङ्गमा सम्मानजनक उपस्थिति गराउन आरक्षणको व्यवस्था गर्नुपर्दछ।समाजमा आयोजना गरिने भोजभतेर र संस्कारगत कार्यहरूमा मादक पदार्थको सेवनमा क्रमशः रोक लगाउँदै जानु पर्दछ र त्यसको खराब असरबारे जनचेतना जगाउनु पर्दछ । तामाङ्ग भाषा र संस्कृतिको उत्थानको लागि मातृभाषामा शिक्षा दिने वातावरण व्यापक रूपमा मिलाउनु पर्दछ ।माथि उल्लेखित सुझावहरू मनन गर्ने हो भने तामाङ्गहरूको शैक्षिक अवस्था सजिलै सुध्रन सक्ने देखिन्छ । जसको लागि सरोकारवाला पक्षले ध्यान दिन जरुरी देखिन्छ ।

## परिशिष्ट १

## तामाङ विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम (रुजु सूचि)

विद्यालयको नाम : ...................................... कक्षा : ............

न.पा.: कटारी वार्ड नं. ३,४ र ११

| सि. नं. | विद्यार्थी क्रियाकलाप | टिप्पणी | |
|---|---|---|---|
| | | तामाङ विद्यार्थी | गैर तामाङ विद्यार्थी |
| १ | कक्षामा ध्यान दिएर सुन्छ । | | |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | | |
| ४ | छलफलमा सहभागी हुन्छ । | | |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ । | | |
| ६ | कक्षा कार्य गर्छ । | | |
| ७ | गृहकार्य गरेर ल्याउँछ । | | |
| ८ | अरु विद्यार्थीसँग बस्छ । | | |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | | |
| १० | समयमा स्कूल आउँछ । | | |

**प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था**

## परिशिष्ट २

### शिक्षकहरूको लागि अन्तर्वार्ता प्रश्नावली

जिल्ला : उदयपुर

शिक्षकको नाम :.......................................................

विद्यालयको नाम : ...........................................

ठेगाना : ..................

१. तामाङ र गैर तामाङ विद्यार्थीहरू बीच के-कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

२. तामाङ विद्यार्थीलाई सिकाईमा उत्प्रेरित गर्नको लागि कस्तो भूमिका हुनुपर्दछ ?

३. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा तामाङ र गैर तामाङ विद्यार्थीहरूको संलग्नतामा समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

४. तामाङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

५. बालबालिकाको शैक्षिकउपलब्धि बृद्धि गर्ने उपायहरू के-के हुन् ?

## परिशिष्ट ३
## तामाङ विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम : ………………………………………………

लिङ्ग :　　　　　　　　　　　　　　उमेर :

कक्षा :　　　　　　　　　　　　　　न.पा : कटारी वार्ड नं. : ३,४ र ११

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

२. ती मध्ये अन्य जातका विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

३. तल्लो तथा उपल्लो जातका विद्यार्थी सँगसँगै बस्छौ कि बस्दैनौ ?

४. ती जातका विद्यार्थीहरूसँग खेल्छौ कि खेल्दैनौ ?

५. तल्लो तथा उपल्लो जातका विद्यार्थीहरूसँग खाना खान्छौ कि खाँदैनौ ?

६. ती विद्यार्थीहरूलाई आफ्नो घर लगेका छौ ?

७. छ भने ती जातका विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र अन्य जातका विद्यार्थीहरूलाई समान व्यवहार गरेजस्तो लाग्छ ?

९. तिम्रो पढाई कमजोर हुनुको कारण के हो जस्तो लाग्छ ?

१०. तिमीलाई पठन पाठन सम्बन्धमा केही समस्या छ कि ?

## प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था

### परिशिष्ट ४

### गैरतामाङ विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

| | | |
|---|---|---|
| उत्तरदाताको नाम : | लिङ्ग : | उमेर |
| कक्षा : | न.पा : कटारी | वडा नं.३,४ र ११ |

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

२. ती मध्ये तामाङ विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

३. तामाङ जातका विद्यार्थीसँगसँगै बस्छौ कि बस्दैनौ ?

४. तामाङ विद्यार्थीहरू सँग खेल्छौ कि खेल्दैनौ ?

५. तामाङ विद्यार्थीहरूसँग बसी खाजा खान्छौ कि खाँदैनौ ?

६. ती विद्यार्थीहरूलाई आफ्नो घरमा लगेका छौ ?

७. छ भने ती विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र तामाङ विद्यार्थीहरूलाई समान व्यवहार गरे जस्तो लाग्छ ?

९. तामाङ जातका विद्यार्थीहरूको पढाईको स्तर कस्तो छ जस्तो लाग्छ ?

१०. तामाङ जातका विद्यार्थीको खास समस्या के हो जस्तो लाग्छ ?

# प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था

## परिशिष्ट ५
## तामाङ अभिभावकहरूको लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग उमेर :

न.पा :कटारी वडा नं. ३,४ र ११

१. तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

२. तपाईको नानी बाबुहरू कति जना विद्यालय जान्छन् ?

३. आफ्नो छोराछोरीको पढाई बारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ कि ?

४. तपाईले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

५. विद्यालयका शिक्षकले तपाईको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् जस्तो लाग्छ ?

६. जनजाति भएको कारणले तपाईको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ कि ?

७. तामाङ बालबालिकाहरूको शैक्षिक अवस्था न्यन हुनुको कारण तपाईको विचारमा के हो जस्तो लाग्छ ?

८. तामाङ बालबालिकाहरूलाई शिक्षामा बढी भन्दा बढी शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

९. तामाङ जातिको शैक्षिक अवस्था सुधार्न सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ ?

# प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था

## परिशिष्ट ६
## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम : ................................ लिङ्ग : ........

पद : अध्यक्ष उमेर : ...........

विद्यालय : ........................................ न.पा : कटारी वार्ड नं. : ३,४ र ११

१. तपाई वि.व्य.स.को अध्यक्ष पदमा कहिले छानिनु भयो ?

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

३. तपाई विद्यालयमा बेला बेलामा जाने गर्नुहुन्छ ?

४. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये तामाङ शिक्षकहरू पनि छन् ?

५. तामाङहरूको शैक्षिक अवस्था कस्तो छ ?

६. तामाङहरूलाई शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले केही कार्यक्रमहरू ल्याएको छ कि ?

७. तामाङहरूको शैक्षिकउपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

८. शिक्षक सम्बन्धी तामाङ अभिभावकका धारणा के कस्तो पाउनु भएको छ ?

९. तामाङहरूको शैक्षिक अवस्था बृद्धि गर्न सरकारबाट कस्तो कार्यक्रमको अपेक्षा गर्नुभएको छ ?

**प्राथमिक तहमा तामाङ्ग बालबालिकाको शैक्षिक अवस्था**

**परिशिष्ट ७**

**श्रोतव्यक्तिका लागि प्रश्नावली**

उत्तरदाताको नाम : गंगाराम यादव लिङ्ग : पुरुष

पद : श्रोत व्यक्ति उमेर : ५५ वर्ष

श्रोत केन्द्र : कटारी

१. तपाई कहिले देखि श्रोत व्यक्तिमा छानिनु भयो ?

२. श्रोत केन्द्र अन्तर्गत कति विद्यालयहरू छन् ?

३. कटारीका विद्यालयहरूको निरिक्षण भ्रमण गर्नुभएको छ ?

४. त्यहाँको तामाङ समुदायका र गैर तामाङ समुदायका विद्यार्थीहरूको शैक्षिक सहभागिता के कस्तो पाउनुभएको छ ?

५. शैक्षिकउपलब्धि बृद्धि गर्ने केही उपाय देख्नुभएको छ कि ?

६. तामाङहरूको शैक्षिकउपलब्धि बृद्धि गराउन जि.शि.का.को कुनै कार्यक्रम छ कि ?

७. तामाङ अभिभावकलाई यहाँको केही सुझाव र सल्लाह छ कि ?

८. तामाङ अभिभावकको चेतना अभिवृद्धि गर्ने केही कार्यक्रमहरू संचालन गर्नुभएको छ कि ?

९. तामाङहरूको शैक्षिकउपलब्धि कमी हुनुको मूल कारण के हो जस्तो लाग्छ ?

१०. अन्य केही सुझाव छ कि ?